# निरन्तर शिक्षा आजको आवश्यकता




**थप जानकारीको लागि :**


**अनौपचारिक शिक्षा राष्ट्रिय स्रोत केन्द्र, नेपाल**
फोन नं : ५५३४४१६, फ्याक्स : ५५४१६८९
पो.ब.नं. : २७० पाटन, ललितपुर
इमेल : nrc-nfe@acculrc.wlink.com.np
info@nrc-nfe.org.np
वेब साइट : www.nrc-nfe.org.np

**अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी, भक्तपुर**
फोनः ६६३१२८८, फ्याक्सः ६६३१२८०
पो.ब.नं.: २१०४५, काठमाडौं
इमेलः nfec@mos.com.np
वेब साइटः http://www.nfec.gov.np


मेरो साक्षरता पुस्तक

# मेरो साक्षरता पुस्तक




नाम : ....................................................................................................


**प्रकाशक**

अनौपचारिक शिक्षा राष्ट्रिय स्रोत केन्द्र, नेपाल

नेपाल सरकार
शिक्षा मन्त्रालय
अनौपचारिक शिक्षा केन्द्र

२०७०

# दुई शब्द

नेपाल सरकारले सन् २०१५ सम्ममा सबैलाई साक्षर गर्न साक्षर नेपाल अभियान २०१२-१५ घोषणा गरेको छ । यस अभियान अन्तरगत साक्षरताको सिकाइ उपलब्धिहरु समेत स्पष्ट किटान गरिएको छ । कक्षामा स्वयंसेवक र सहभागीको अनुपात हिमाली जिल्लामा १:१५ र अन्य जिल्लामा १:२० कायम गरिएको छ । साथै १ ले १ जनालाई पढाउने, १ ले एकभन्दा बढी २,३,४...१९ जनासम्मलाई समूहमा पढाउन सकिने व्यवस्था गरिएको छ । साक्षरता" अभियानको कक्षाहरुको अवधि ३ महिना अर्थात् दैनिक २ घण्टाका दरले १५० घण्टा हुने गरी ७५ दिन तोकिएको छ ।

साक्षर नेपाल अभियानलाई प्रभावकारी ढंगबाट संचालन गर्नुपर्ने भएकोले थोरै समयमा सिक्न/सिकाउन सजिलो होस् भन्ने उद्देश्यले यो **"मेरो साक्षरता पुस्तक"** नामक सामग्री तयार गरिएको छ । साथै यो पुस्तकलाई प्रभावकारी रुपमा सिकाउनको लागि सहयोग पुगोस् भन्ने हेतुले प्रत्येक पाठमा स्वयंसेवकको लागि निर्देशन पनि दिइएको छ ।

यो पुस्तक अनौपचारिक शिक्षा राष्ट्रिय स्रोत केन्द्र, नेपालबाट तयार गरिएको हो । आ.व. २०६९/७० मा यो पुस्तक ललितपुर, भक्तपुर, रुपन्देही र कपिलवस्तु जिल्लाको केही गा.वि.स./न.पा.मा परीक्षणको रुपमा प्रयोग गरिएको थियो । परीक्षणबाट प्राप्त पृष्ठपोषणको आधारमा यो पुस्तक परिमार्जन गरिएको छ । पुस्तकको लेखन कार्य श्री दिलबहादुर श्रेष्ठ, श्री भोला के.सी. र श्री कल्याणी श्रेष्ठबाट भएको छ । परिक्षण तथा परिमार्जन नेपाल सरकार, शिक्षा मन्त्रालय, अनौपचारिक शिक्षा केन्द्र र अनौपचारिक शिक्षा राष्ट्रिय स्रोत केन्द्र, नेपालबाट भएको छ । पुस्तक लेखन तथा परिमार्जन कार्यमा संलग्न सबैलाई धन्यवाद ज्ञापन गर्दछौं ।

यो पुस्तकमा अझै सुधारको लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौं ।

टाकुरमान शाक्य
*अध्यक्ष*
अनौपचारिक शिक्षा राष्ट्रिय स्रोत केन्द्र, नेपाल

बाबुराम पौडेल
*निर्देशक*
अनौपचारिक शिक्षा केन्द्र

२०७० आश्विन

# मेरो साक्षरता पुस्तकको प्रयोग

देशभरका निरक्षर प्रौढहरुलाई साक्षर गर्ने उद्देश्यले नेपाल सरकारबाट साक्षर नेपाल अभियान सञ्चालन भएको छ । अभियानमा सहभागीहरुको लागि यो पाठ्यपुस्तक तयार गरिएको छ । यस पुस्तकको प्रत्येक पाठमा स्वयंसेवकहरुको लागि सानो अक्षरमा क्रियाकलाप गराउन निर्देशन पनि दिइएको छ । त्यसैले यो पुस्तक स्वयंसेवकहरुको लागि पनि हो ।

यो पुस्तक साक्षरता कक्षामा शिक्षण गर्न ३ महिना लाग्ने अनुमान गरिएको छ । कक्षा भन्नाले १ जना स्वयंसेवक र २० जना सहभागी वा १ देखि १९ जनासम्म सहभागी भएको समूहलाई बुझ्नु पर्छ ।

यो पुस्तकका मुख्य विशेषताहरु यसप्रकार छन् :

- आफ्नो नामबाट पढ्ने, लेख्ने अभ्यास गर्दै पढाइको महत्व बुझाई त्यसैका आधारमा अक्षर तथा मात्राहरु चिनाउने गरी विषयवस्तुहरु राखिएको छ ।
- शब्द-वाक्य-सानोतिनो हरफ गर्दै पढाइ लेखाइ अगाडि बढाउँदै लाने प्रावधान छ ।
- बीच बीचमा अंकगणित, कार्यमूलक विषय, स्थानीय परिवेश सुहाउँदो विषय र अंग्रेजी पनि समावेश गर्दै लगिएको छ ।
- यस पुस्तकमा साक्षर नेपाल अभियानका लागि निर्धारित सिकाइ उपलब्धिहरु हासिल हुने गरी विषयवस्तुहरु समावेश गरिएका छन् ।
- स्थानीय आवश्यकता अनुसार स्थानीय परिवेश सुहाउँदो विषय छनौट, छलफल र समस्या समाधानको उपाय गर्न सहभागीहरुलाई नै प्रोत्साहन पुग्ने खालका क्रियाकलापहरु राखिएका छन् ।
- कक्षा रोचक, रमाइलो, सहभागी मैत्री बनाउन बीच बीचमा सहभागीहरुको प्रतिभा प्रस्तुती गराउने, नाचगान, गीत, कथा, कविता, उखान, अनुभव आदि जस्ता सिर्जनात्मक कार्य गर्दै जाने खालका क्रियाकलापहरु समावेश गरिएको छ ।
- कक्षामा विषयवस्तु अनुसार सम्बन्धित विषयमा जानकारी भएका व्यक्ति, शिक्षक, जे.टि.ए., स्वास्थ्य कार्यकर्ता, कृषक अगुवा, समाजसेवी, धर्म गुरु आदिको सहयोग उपलब्ध गराउँदै जान सकिन्छ ।
- दैनिक कक्षाको अन्तमा सहभागीहरुको मूल्याङ्कन गर्दै जाने, महिनाको अन्तमा पुनरावलोकन गरी आवश्यक सुधार गर्दै जाने प्रावधान समेत राखिएको छ ।

- प्रौढ शिक्षण कला (Andragogy) अनुसार कक्षा संचालन गर्न सघाउ पुग्ने गरी विषयवस्तुको व्यवस्था गरिएको छ ।
- सहभागीहरुले सिकेका पढाइ, लेखाइ, गणित र कार्यमूलक सीप सन्देशलाई दैनिक व्यवहारमा प्रयोग गर्न प्रोत्साहन गरिएको छ ।
- स्वयंसेवकले गराउनुपर्ने शिक्षण सिकाइ क्रियाकलापहरुको लागि हरेक पाठमा सानो अक्षरमा निर्देशनहरु दिइएको छ । यो पुस्तकमा :
  - ❖ कक्षामा पढ्ने प्रौढहरुलाई सहभागी भनिएको छ भने पढाउने व्यक्तिलाई स्वयंसेवक भनिएको छ ।
  - ❖ कक्षाका सहभागीहरुका लागि पढ्ने विषयवस्तु ठूलो अक्षरमा दिइएको छ । पढाउने स्वयंसेवकहरुको लागि पढाउने निर्देशन सानो अक्षरमा दिइएको छ । त्यसैले यो पुस्तक पढ्ने र पढाउने दुवैको लागि हो ।
  - ❖ स्वयंसेवकहरुलाई अनौपचारिक शिक्षाको केही मुख्य मुख्य सिद्धान्तहरुको पनि जानकारी भएमा शिक्षण प्रभावकारी बनाउन मद्दत पुग्न जाने हुँदा यसमा अनौपचारिक शिक्षाका केही सिद्धान्तहरु समेत समावेश गरिएको छ ।
  - ❖ यो पुस्तक १५-२० जनाको कक्षामा पढाउन पनि प्रयोग गर्न सकिन्छ भने १ ले १ जनालाई पढाउन पनि प्रयोग गर्न सकिन्छ । त्यस्तैगरी १ ले २ वा ३ वा..........१९ जनासम्मलाई पनि पढाउन मिल्ने गरी तयार गरिएको छ ।
  - ❖ यो पुस्तक ८/९ कक्षासम्म पढेका वा त्यो भन्दा माथि पढेका जानेका व्यक्तिले घरैमा १-२ जना वा ४-५ जनालाई पढाउन पनि प्रयोग गर्न सकिन्छ ।
  - ❖ यो पुस्तकमा विभिन्न पाठ/क्रियाकलापमा कालोपाटी वा ठूलो कागजमा लेख्ने कुरा उल्लेख भएको छ । तर १ ले १, २ जना वा सानो कक्षामा पढाउँदा कालोपाटी वा ठूलो कागज नै प्रयोग गर्नुपर्छ भन्ने छैन । कापीमा नै लेखेर पनि गर्न सकिन्छ । त्यस्तैगरी समूह छलफल वा जोडीमा पढ्ने लेख्ने आदि क्रियाकलाप समूह वा जोडी छैन भने एक्लै पनि गर्न सकिन्छ ।
  - ❖ साक्षरता सीप सिक्न चाहने निरक्षर प्रौढहरु आफैंले पनि घरमा जान्ने, बुझ्नेको सहयोग लिइ यो पुस्तक अध्ययन गर्न सक्नेछन् ।
- पुस्तकमा जम्मा ३८ पाठहरु छन् । सबै पाठहरु ३ महिनामा पठन पाठन सकिने अपेक्षा गरिएको छ ।
- सहभागीहरुको उत्प्रेरणा र स्वयंसेवकहरुको प्रयास अनुसार यो पुस्तक ३ महिनाको समयमा केही तलमाथि हुन सक्छ ।

# विषय सूची


| पाठ क्रम | पाठ शीर्षक | पाना नं. |
|---|---|---|
| १ | साक्षरता कक्षामा स्वागत | १ |
| २ | आफ्नो नाम पढ्ने र लेख्ने | २ |
| ३ | आफ्नो समस्या पत्ता लगाउने | ३ |
| ४ | आफ्नो पूरा नाम पढ्ने र लेख्ने | ५ |
| ५ | विभिन्न संकेत चिन्हहरु | ६ |
| ६ | कक्षामा मनोरञ्जन गर्ने | ७ |
| ७ | नेपाली भाषाको अक्षर (वर्ण) चिन्ने | ८ |
| ८ | नेपाली भाषाको अक्षर (वर्ण) दोहोर्‍याउने | १६ |
| ९ | हाम्रो समुदाय | १७ |
| १० | शब्द पढ्ने र लेख्ने | १८ |
| ११ | स्वर वर्ण चिनाउने | २० |
| १२ | बाह्रखरी पढ्ने र लेख्ने | २३ |
| १३ | आधा अक्षर चिनाउने | २७ |
| १४ | लेख्दा प्रयोग हुने चिन्हहरु | ३० |
| १५ | चन्द्र बिन्दु ( ँ ), शिरविन्दु ( ं ) | ३१ |
| १६ | लेखेर परिचय दिने | ३३ |
| १७ | १ देखि १० सम्मको अंक | ३४ |
| १८ | परिवार | ३६ |
| १९ | सरसफाइ | ३८ |
| २० | व्यक्तिगत सरसफाइ | ४० |
| २१ | अंग्रेजी अक्षर पढ्ने र लेख्ने | ४२ |
| २२ | तरकारी खेती | ४६ |

| पाठ क्रम | पाठ शीर्षक | पाना नं. |
|---|---|---|
| २३ | अंग्रेजी अंक 1-10 चिन्ने | ४८ |
| २४ | सूचना - सञ्चार | ५० |
| २५ | महिला शिक्षा | ५४ |
| २६ | (०) शून्य र ११ देखि २० अंक पढ्ने र लेख्ने | ५६ |
| २७ | अंग्रेजी अक्षर पढ्ने र लेख्ने | ५९ |
| २८ | १ देखि १०० सम्मको अंक चिन्ने | ६२ |
| २९ | पोसिलो खाना | ६३ |
| ३० | जोड हिसाब | ६५ |
| ३१ | महिला स्वास्थ्य | ६७ |
| ३२ | घटाऊ | ७३ |
| ३३ | हाम्रा रुपैंया (नोट) | ७५ |
| ३४ | घडी, समय | ७७ |
| ३५ | क्याल्कुलेटर | ७८ |
| ३६ | तिथि मिति | ७९ |
| ३७ | बैक, वचत र ऋण | ८२ |
| ३८ | योजना | ८५ |
| ३९ | अंग्रेजी शब्दहरु पढ्ने | ८९ |


स्वयंसेवकको लागि शिक्षण सामाग्री पछाडि पाना नं. I- XX मा दिइएको छ ।

# १

# साक्षरता कक्षामा स्वागत




स्वयंसेवकलाई निर्देशन :

१. स्वयंसेवकले आफ्नो परिचय दिई सहभागीहरुलाई कक्षामा स्वागत गर्नुहोस् ।
२. सहभागीहरुको पनि आफ्नो नाम, ठेगाना बताउन लगाई परिचय लिनुहोस् ।
३. पुस्तकको अन्तिम पृष्ठमा भएको **"साक्षर नेपाल अभियान"** गीत गाएर सुनाउनुहोस् र सँगसँगै गाउन पनि लगाउनुहोस् । गीतको आशय माथि छलफल गर्नुहोस् ।
४. साक्षरता कक्षाको परिचय दिँदै कक्षामा के के सिकिन्छ भन्ने बारेमा छलफल गर्नुहोस् ।
५. कक्षा संचालन नियम, समय, सहभागीहरुको उपस्थिति बारे छलफल गरी निर्णय गर्नुहोस्।

**→◎ सहभागीहरुमध्ये एक दुई जनालाई साक्षरता कक्षामा हामी के के सिक्छौं भनेर सोध्नुहोस् ।**

# २

# आफ्नो नाम पढ्ने र लेख्ने




६. एकजना सहभागीको पूरा नाम सोधी नामको पहिलो भाग मात्र कालोपाटीमा लेखेर सबैलाई देखाउनुहोस् । जस्तो : मन माया वि.क. छ भने **मन**

७. नामको पहिलो भाग **मन** पढेर सहभागीहरुलाई पनि भन्न लगाउनुहोस् ।

८. प्रत्येक सहभागीको नाम सोधी नामको पहिलो भाग कापीमा ठूलो अक्षरले स्पष्टसँग लेखी दिनुहोस् ।

९. प्रत्येक सहभागीलाई आफ्नो कापीमा लेखेको आफ्नो नाम अक्षर औंल्याउँदै धेरै पटक पढ्न लगाउनुहोस् । आवश्यकतानुसार सहभागीहरुलाई पढ्नमा मद्दत गर्नुहोस् ।

१०. सहभागीलाई कापीमा लेखी दिएको आफ्नो नाम ४ पटक सार्न लगाउनुहोस् । जस्तो :

**मन** **मन**

**मन** **मन**

११. सहभागीलाई आफ्नो कापीमा लेखेको नाम १ पाना भरी सार्न लगाउनुहोस् । तलको खाली ठाउँमा समेत लेख्न लगाउनुहोस् ।

| | | | |
|---|---|---|---|
| रमा | रमा | | |
| रमा | रमा | | |

१२. लेख्न गाह्रो भएका सहभागीलाई हात समाई लेख्न सहयोग गर्नुहोस् । नमिलेको भए लेखेर सिकाउनुहोस् । सहभागीले लेखेको हेरी उनीहरुलाई हौसला दिनुहोस् ।

# ३

# आफ्नो समस्या पत्ता लगाउने



१३. सहभागीहरुको आ-आफ्नो समस्याबारे छलफल गर्नुहोस् ।

क. सहभागीहरुलाई परिरहेका मुख्य मुख्य समस्या के के छन् ? भन्न लगाउनुहोस् ।

ख. हाललाई ५ वटा मुख्य समस्याबारे कक्षामा छलफल गर्नेबारे सहमति लिनुहोस् र टिपोट गर्नुहोस् ।

समस्या नं १

समस्या नं २

समस्या नं ३

समस्या नं ४

समस्या नं ५

१४. आज पहिलो समस्याका बारेमा छलफल गर्ने र बाँकी ४ वटा समस्या अन्य दिनहरुमा कक्षामा छलफल गरिने कुरा बताउनुहोस् ।

१५. आज छलफल गर्ने १ नं. को विषय .................................. समस्या र समस्या हुनाका कारणबारे छलफल गर्नुहोस् ।

१६. कक्षामा सहभागीहरुको समस्याबारे छलफल गरी समाधान गर्ने उपायबारे उनीहरुसँगै छलफल गरी आवश्यक सल्लाह दिनुहोस् ।
आज हामीले पत्ता लागेका समस्या मध्ये एउटा समस्याबारे समस्या के हो, समस्या हुनाका कारण, समाधानको उपायबारे छलफल गऱ्यौं । कस्तो लाग्यो ? काम लाग्यो कि लागेन ? भनी प्रश्न गरी हौसला बढाउनुहोस् ।

१७. आवश्यकता अनुसार कुनै दिन त्यस विषयमा जान्ने बुझ्ने मानिसलाई कक्षामा निम्तो गरी राय दिन वा उसको भनाइ राख्न लगाउनुहोस् ।

→◎ तपाईंको आफ्नो खास समस्या के हो ? भन्न लगाउनुहोस् ।

# चित्र छलफल

१८. सहभागीहरुलाई तलको चित्रमा के भएको छ हेर्न र सोच्न लगाउनुहोस् । चित्रबाट हामी के सन्देश पाउँछौं ? प्रश्नोत्तर गरी छलफल गराउनुहोस् । छलफलपछि तलको निष्कर्ष सुनाउनुहोस् ।



- सरसल्लाहबाट समस्या समाधान गर्न सकिन्छ ।
- मिलेर काम गर्दा सजिलो हुन्छ ।
- योजना बनाएर काम गरेमा सफल भइन्छ ।

**→◎ चित्र अध्ययनबाट के टुङ्गोमा पुग्नुभयो ?**

# ४

# आफ्नो पूरा नाम पढ्ने र लेख्ने

१९. सबै सहभागीको कापीमा ठूलो अक्षरले स्पष्टसँग उसको नाम पूरा लेखी दिनुहोस् र धेरै पटक पढ्न लगाउनुहोस् । जस्तै :

चन्दा मैनाली

गोमा चौधरी

सरला सुन्दाश

पवित्रा कुर्मी

२०. सहभागीलाई कापीमा लेखे जस्तै गरी नाम लेख्न लगाउनुहोस् । प्रत्येक सहभागीको कापीमा लेखेको हेरी लेख्ने हौसला दिनुहोस् । नमिलेको वा लेख्न गाह्रो हुने सहभागीलाई लेख्न मद्दत गर्नुहोस् ।

२१. लेखेको पढ्न लगाउनुहोस् ।

२२. सहभागीलाई फेरी ५/५ वटा आफ्नो नाम सार्न लगाउनुहोस् । लेखेको हेर्नुहोस् । आवश्यकता अनुसार हात समातेर लेख्न सिकाउनुहोस् ।

२३. सहभागीहरुलाई आफ्नो नाम कापीमा पटक पटक सार्न लगाउनुहोस् । तलको कोठामा पनि भर्न लगाउनुहोस् ।

| |
|---|
| |

२४. नाम लेख्न जानेकोमा बधाई दिई सिक्नमा उत्प्रेरित गर्नुहोस् ।

**→◎ अब सहभागीलाई आ-आफ्नो पुस्तक र कापीको अगाडिको पानामा आफ्नो नाम लेख्न लगाउनुहोस् । लेखेको हेरी नमिलेको भए मिलाउन लगाउनुहोस् ।**

# ५

# विभिन्न संकेत चिन्हहरू

२५. सहभागीहरुलाई चित्रमा दिइएका चिन्हहरुमध्ये कुन कुन देखेका छन् भन्न लगाउनुहोस् र प्रत्येक चिन्हले संकेत गर्न खोजेको कुरा बारेमा छलफल गराउनुहोस्।







साइन बोर्ड

धूमपान निषेध








जेब्रा क्रसिङ्ग



अस्पताल



रेडक्रस

यी बाहेक सहभागीहरुले थाहा भएका अन्य चिन्हहरुबारे छलफल गराउनुहोस् ।

→◎ विभिन्न ठाउँमा भएका चिन्हहरुले के कुरामा सहयोग पुग्छ ?

# ६
# कक्षामा मनोरञ्जन गर्ने






२६. आज हामीले कक्षामा रमाइलो गर्ने कार्यक्रम गरौं । यसको लागि आ-आफूले जानेको कुरा वा आफ्नो प्रतिभा प्रस्तुत गर्ने कार्यक्रम गर्ने कुरा बताई कार्यक्रम संचालन गर्न सहभागीहरुबाटै १ जना संचालक छान्न लगाउनुहोस् ।

२७. संचालकलाई आवश्यक निर्देशन दिई कसैलाई गाउन, कसैलाई नाँच्न लगाउनुहोस् । त्यस्तै गरी सबैलाई आ-आफ्नो प्रतिभा प्रदर्शन गराउनुहोस्, सहभागीहरुलाई प्रेत्साहन दिइ, एक आपसमा जानेको कुरा सिक्ने सिकाउने जस्ता क्रियाकलापहरुबाट कक्षालाई रमाइलो र रोचक बनाउने कार्य गराउन लगाउनुहोस् ।

यसरी कार्यक्रममा भाग लिनु हुने सहभागीहरुको प्रस्तुतीको लागि ताली बजाइ प्रोत्साहन गर्नुहोस् ।

२८. सहभागीहरुले प्रस्तुत गर्न चाहेको कुरा आजै प्रस्तुत गर्न नसकिने हुन सक्छ । त्यस्तो अवस्थामा सूची बनाएर राख्नुहोस् । पछिका दिनहरुमा प्रयोग गर्ने मौका दिनुहोस् ।

→◎ **आजको कार्यक्रम कस्तो लाग्यो ? रमाइलो भयो भएन ? केही सुधार गर्नुपर्छ कि ? छलफल गर्नुहोस् ।**

# ७

# नेपाली भाषाको अक्षर (वर्ण) चिन्ने

२९. सहभागीहरुलाई तल दिइएको चित्र देखाई के को चित्र भनी सोध्नुहोस् र चित्रको आधारमा १/१ गरी अक्षर देखाई धेरै पटक भन्न लगाउनुहोस् जस्तो: कक्षा “क”, कमल “क”, खबरपत्र “ख”, खरायो “ख”........ । यसरी क देखि ङ सम्म चिनाउनुहोस् ।

| | | |
|---|---|---|
|  कक्षा | क |  कमल |
|  खबरपत्र | ख |  खरायो |
|  गर्भवती | ग |  गमला |
|  घर | घ |  घडी |
|  नङ | ङ |  चङ्गा |

३०. क देखि ङ सम्मको अक्षर चिनाइसकेपछि लेखाइ अभ्यासको लागि अक्षर बन्ने आकारहरु स्वयंसेवकले कालोपाटीमा लेख्दै सहभागीहरुलाई पनि तलको तालिकामा लेख्न सिकाउनुहोस् ।

# अक्षर बन्ने आकारहरु





३१. क देखि ङ सम्मका अक्षरहरु लेख्ने तरिका कालोपाटीमा लेखेर देखाइ सहभागीहरुलाई तलको तालिकामा र कापीमा पनि अक्षर सार्न लगाउनुहोस् । जस्तो :

| क | ख | ग | घ | ङ |
|---|---|---|---|---|
| | | | | |

३२. क देखि ङ सम्मको अक्षरहरु चिनाउने र लेखाउने तरिका जस्तै गरी **च** देखि **ञ** सम्म, **ट** देखि **ण** गर्दै **ज्ञ** सम्मका ५/५ अक्षरहरु चिनाउने र लेखाउने क्रियाकलापहरु गराउनुहोस् ।

३३. सहभागीहरुको कापीमा लेखेको जाँच्नुहोस् र नमिलेको भए सिकाइदिनुहोस् ।

**→◎ कापीमा क देखि ङ सम्म लेख्न लगाउने ।**

| | | |
|---|---|---|
|  चर्पी | च |  चरा |
|  छठ | छ |  छत |
|  जरा | ज |  जहाज |
|  झण्डा | झ |  झरना |
| ञ | ञ | ञ |

| च | छ | ज | झ | ञ |
|---|---|---|---|---|
| | | | | |

| | | |
|---|---|---|
|  टपरी | ट |  टप |
|  ठेलगाडा | ठ |  ठडेउरो |
|  डढेलो | ड |  डमरु |
|  ढकनी | ढ |  ढक |
|  बाण | ण |  रामायण |

| ट | ठ | ड | ढ | ण |
|---|---|---|---|---|
| | | | | |

| | | |
|---|---|---|
|  तरकारी | त |  तराजु |
|  थरमस | थ |  थपडी |
|  दराज | द |  दमकल |
|  धनुष | ध |  धरहरा |
|  नदी | न |  नर्स |

| त | थ | द | ध | न |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
|  | परिवार | प |  | परेवा |
|  | फलफूल | फ |  | फर्सी |
|  | बस | ब |  | बजार |
|  | भमरा | भ |  | भकारी |
|  | महिला | म |  | मन्दिर |

| प | फ | ब | भ | म |
|---|---|---|---|---|
| | | | | |

| | | |
|---|---|---|
|  यज्ञ | य |  यमराज |
|  रथ | र |  रकेट |
|  लसुन | ल |  लहरा |
|  वकिल | व |  वन |
|  शरीर | श |  शङ्ख |
|  षट्कोण | ष | षष्ठी |

| य | र | ल | व | श | ष |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | |
|---|---|---|---|---|
|  | सलाई | स |  | सर्प |
|  | हलो | ह |  | हवाइ जहाज |
|  | क्षयरोग | क्ष |  | शिक्षक |
|  | पत्र | त्र |  | त्रिशुल |
|  | ज्ञान | ज्ञ |  | ज्ञानी |

| स | ह | क्ष | त्र | ज्ञ |
|---|---|---|---|---|
| | | | | |

→◎ चित्रहरु औंल्याएर चित्रको आधारमा अक्षरहरु चिने/नचिनेको जाँच्नुहोस् । चिनेको अक्षर लेख्न पनि लगाउनुहोस् ।

# ८

# नेपाली भाषाको अक्षर (वर्ण) दोहोर्‍याउने

३४. पालैपालो एक एक लाइन सहभागीहरुलाई पढाउन लगाउनुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| क | ख | ग | घ | ङ |
| च | छ | ज | झ | ञ |
| ट | ठ | ड | ढ | ण |
| त | थ | द | ध | न |
| प | फ | ब | भ | म |
| य | र | ल | व | श |
| ष | स | ह | क्ष | त्र |
| | | ज्ञ | | |

३५. **क** देखि **ज्ञ** सम्म एक लाइन अक्षर एक एक गरी पढ्दै आ-आफ्नो कापीमा लेख्न लगाउनुहोस् । लेखेको मिले नमिलेको जाँच गर्नुहोस् । नमिलेको भए सिकाइ दिनुहोस् ।

३६. कापीमा लेखेको अक्षर हेरी **क** देखि **ज्ञ** सम्म अक्षर चिनेर/छोएर पढ्न लगाउनुहोस् ।

३७. सहभागीहरुको जोडी बनाउनुहोस् । एकले पढेको अर्कोलाई जाँच्न लगाउनुहोस् । आवश्यकतानुसार निरीक्षण गरी सहयोग गर्नुहोस् ।

**→◎ कालोपाटी वा ठूलो कागजमा अक्षर छ्यासमिसे पारेर लेखी सहभागीहरुलाई पालैपालो उच्चारण गर्न लगाई जाँच्नुहोस् ।**

# ९
# हाम्रो समुदाय








३८. सहभागीलाई चित्र हेर्न लगाई समूहमा छलफल गराउनुहोस् । समूहमा छलफल भएका कुरा प्रस्तुत गराउनुहोस् ।
३९. चित्रमा झैं आ-आफ्नो समुदायमा अरु के कस्ता कुराहरु छन् भन्न लगाउनुहोस् ।
४०. हाम्रो समुदायमा रहेका यी कुराहरुमध्ये हामीले के के प्रयोग गर्न सक्छौं भनी प्रश्न गरी छलफल गर्नुहोस् ।
४१. हामी समुदायमा मिलेर बस्छौं र समुदायमा भएको सेवा सुविधा लिनुपर्छ भनी छलफल टुंग्याउनुहोस् ।

**→◎ हामीले आफ्नो समुदायबाट के के सुविधा लिन सक्छौं? भन्न लगाउनुहोस् ।**

# १०
# शब्द पढ्ने र लेख्ने

४२. जोडीमा राखेर तलका शब्दहरु पढ्न लगाउनुहोस् ।

| | | | | | |
|---|---|---|---|---|---|
| कम | खल | घर | नङ | जस | डर |
| ढक | दम | धन | भन | लय | यज्ञ |
| सहर | महल | रमन | खबर | पसल | लहर |

| | | | |
|---|---|---|---|
| चकचक | छलकपट | दमकल | छलफल |

४३. त्यसपछि खाली कोठामा शब्दहरु लेख्न लगाउनुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| कम | | | | |
| खल | | | | |
| घर | | | | |
| नङ | | | | |
| यज्ञ | | | | |
| महल | | | | |

| | | | |
|---|---|---|---|
| दमकल | | | |
| छलफल | | | |

४४. तलका शव्दहरु पढ्न र अर्थ बताउन लगाउनुहोस् ।

| | | | | | |
|---|---|---|---|---|---|
| रथ | मह | सत्र | पत्र | फल | यक्ष |
| कमल | जहर | मलम | पसल | मकल | कलम |
| झलमल | मगमग | सरसर | कसरत | मलजल | रमझम |

४५. तलका शव्दहरुलाई मौखिक रुपमा वाक्यमा प्रयोग गराउनुहोस् । ती शव्दहरुलाई तलको कोठामा लेख्न लगाउनुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| रथ | | | | |
| सत्र | | | | |
| फल | | | | |
| वर | | | | |
| यक्ष | | | | |
| पसल | | | | |
| सहर | | | | |
| कमल | | | | |
| मलम | | | | |

→◎ मात्रा नलागेका क देखि ज्ञ सम्मका अक्षरहरुबाट बन्ने केही शब्दहरु लेखेर पढ्न लगाउने र २/४ शब्दहरु लेख्न लगाउनुहोस् ।

# ११

# स्वर वर्ण चिनाउने

४६. अरुको सहयोग लिएर मात्र उच्चारण हुने वर्णहरुलाई व्यन्जन भनिन्छ भनि बताउनुहोस् । नेपाली भाषामा **क** देखि **ज्ञ** सम्मका अक्षरहरु व्यन्जन वर्ण हुन् । अरुको सहयोग नलिइ उच्चारण हुने वर्णहरुलाई स्वर वर्ण भनिन्छ । **अ** देखि **अः** सम्म स्वर वर्ण हुन् भनि बताउनु होस् ।

४७. चित्रसँगैको अक्षर देखाई *अ* देखि *अः* सम्म चित्रको नाम र पहिलो अक्षर उच्चारण गराउनुहोस् । जस्तोः अ-अनार, आ-आमा .......त्यसपछि स्वरवर्ण आउने थप शब्द भन्न लगाउनुहोस् । जस्तै अमर, आलु, उकाली, ओराली आदि ।

## स्वर वर्ण

| | |
|---|---|
|  अनार अ |  आमा आ |
|  इनार इ |  ईश्वर ई |
|  उखु उ |  ऊन ऊ |
|  ऋषि ऋ |  एकतारे ए |

| | |
|---|---|
|  ऐना ऐ |  ओखल ओ |
|  औलो औ |  अंगूर अं |
| अ : अः अः | |

४८. अ देखि अः सम्म लेख्ने तरिका सिकाई कापीमा लेख्न लगाउनुहोस् । लेखेको जोडीमा जाँच्न लगाउनुहोस् ।

४९. सहभागीहरुलाई नयाँ जोडी बनाई/जोडीमा एकले अर्कोलाई अ देखि अः सम्म सबै फेरी भन्न र लेख्न लगाउनुहोस् र जाँच पनि गर्न लगाउनुहोस् ।

५०. स्वयंसेवकले निरीक्षण गरी आवश्यक सहयोग गर्नुहोस् । अब सबै सहभागीलाई आ-आफ्नो कापीमा अ देखि अः सम्म लेख्न लगाउनुहोस् । कापीमा लेख्न जानी सकेपछि तलको खालीकोठामा लेख्न लगाउनुहोस् ।

| अ | आ | इ | ई | उ | ऊ |
|---|---|---|---|---|---|
| | | | | | |
| ऋ | ए | ऐ | ओ | औ | अं |
| | | | | | |
| अः | | | | | |
| | | | | | |

५१. स्वर वर्ण प्रयोग भएका शव्दहरु पढ्न र लेख्न सिकाउनुहोस् ।

| | | | |
|---|---|---|---|
| अमर | | | |
| आजकल | | | |
| इख | | | |
| ईश | | | |
| उपर | | | |
| ऊन | | | |
| एक | | | |
| ऐन | | | |
| ओखल | | | |
| औशत | | | |
| अंक | | | |
| अमल | | | |

→◎ स्वर वर्ण प्रयोग भएका केही शब्दहरु लेखेर देखाइ उच्चारण गर्न र लेख्न लगाउनुहोस् ।

# १२
# बाह्रखरी पढ्ने र लेख्ने

५२. स्वयंसेवकले **अ, आ**....र **क, का** .....दुई लाइन बाह्रखरी पढेर सुनाउनुहोस् । सहभागीहरुलाई पनि अभ्यास गराउनुहोस् । सहभागीहरुबाटै पनि अभ्यास गराउनुहोस् ।

५३. सहभागीहरुलाई आफ्नो कापीमा लेख्न लगाउनुहोस् । अक्षर छोई पढ्न लगाउनुहोस् । एक आपसमा जाँच्न लगाउनुहोस् । निरीक्षण गरी सहयोग गर्नुहोस् ।

५४. मात्रा लाग्दा अक्षरको उच्चारणमा फरक आउने कुरा बताउनुहोस् । शुरुको दुई हरफलाई उदाहरणको रुपमा प्रयोग गर्नुहोस् जस्तै : **क** भन्दा **अ** आउँछ, **का** भन्दा **आ** आउँछ, **कु** भन्दा **उ** आउँछ आदि ।

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अ | आ | इ | ई | उ | ऊ | ए | ऐ | ओ | औ | अं | अः |
| क | का | कि | की | कु | कू | के | कै | को | कौ | कं | कः |

५५. त्यसरी नै **ख** देखि **ङ** सम्मका मात्रा लागेका अक्षरहरु पढ्न लगाउनुहोस् । अन्तमा दिइएका शब्दहरु पनि उच्चारण गर्न लगाउनुहोस् ।

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ख | खा | खि | खी | खु | खू | खे | खै | खो | खौ | खं | खः |
| ग | गा | गि | गी | गु | गू | गे | गै | गो | गौ | गं | गः |
| घ | घा | घि | घी | घु | घू | घे | घै | घो | घौ | घं | घः |
| ङ | ङा | ङि | ङी | ङु | ङू | ङे | ङै | ङो | ङौ | ङं | ङः |

| | |
|---|---|
| खाग | काका |
| काग | काकी |

| | |
|---|---|
| घिउ | घोगा |
| गाई | आङ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| च | चा | चि | ची | चु | चू | चे | चै | चो | चौ | चं | चः |
| छ | छा | छि | छी | छु | छू | छे | छै | छो | छौ | छं | छः |
| ज | जा | जि | जी | जु | जू | जे | जै | जो | जौ | जं | जः |
| झ | झा | झि | झी | झु | झू | झे | झै | झो | झौ | झं | झः |
| ञ | ञा | ञि | ञी | ञु | ञू | ञे | ञै | ञो | ञौ | ञं | ञः |

| | |
|---|---|
| चोक | छाक |
| जाग | झोक |

| | | |
|---|---|---|
| चोखो | जोगी | जौ |
| चौका | चौकी | गोजी |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ट | टा | टि | टी | टु | टू | टे | टै | टो | टौ | टं | टः |
| ठ | ठा | ठि | ठी | ठु | ठू | ठे | ठै | ठो | ठौ | ठं | ठः |
| ड | डा | डि | डी | डु | डू | डे | डै | डो | डौ | डं | डः |
| ढ | ढा | ढि | ढी | ढु | ढू | ढे | ढै | ढो | ढौ | ढं | ढः |
| ण | णा | णि | णी | णु | णू | णे | णै | णो | णौ | णं | णः |

| | |
|---|---|
| घडा | घोडा |
| ढिडो | टाठो |
| ठाडो | टाटो |

| | |
|---|---|
| केटा | केटी |
| ढिकी | ढेडु |
| गुण | ढुकढुकी |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| त | ता | ति | ती | तु | तू | ते | तै | तो | तौ | तं | तः |
| थ | थ | थि | थी | थु | थू | थे | थै | थो | थौ | थं | थः |
| द | दा | दि | दी | दु | दू | दे | दै | दो | दौ | दं | दः |
| ध | धा | धि | धी | धु | धू | धे | धै | धो | धौ | धं | धः |
| न | ना | नि | नी | नु | नू | ने | नै | नो | नौ | नं | नः |

| | |
|---|---|
| जाती | धून |
| नौनी | जीत |
| आतेजाते | गधा |

| | |
|---|---|
| थुक | थुतुनो |
| धान | थोते |
| नानी | दूध |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प | पा | पि | पी | पु | पू | पे | पै | पो | पौ | पं | पः |
| फ | फा | फि | फी | फु | फू | फे | फै | फो | फौ | फं | फः |
| ब | बा | बि | बी | बु | बू | बे | बै | बो | बौ | बं | बः |
| भ | भा | भि | भी | भु | भू | भे | भै | भो | भौ | भं | भः |
| म | मा | मि | मी | मु | मू | मे | मै | मो | मौ | मं | मः |

| | |
|---|---|
| फुपू | भूमी |
| फुपाजु | पाटी |
| टिपन | टापन |

| | |
|---|---|
| मौका | मंच |
| मूली | बामन |
| भिमा | भोक |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| य | या | यि | यी | यु | यू | ये | यै | यो | यौ | यं | यः |
| र | रा | रि | री | रु | रू | रे | रै | रो | रौ | रं | रः |
| ल | ला | लि | ली | लु | लू | ले | लै | लो | लौ | लं | लः |
| व | वा | वि | वी | वु | वू | वे | वै | वो | वौ | वं | वः |
| श | शा | शि | शी | शु | शू | शे | शै | शो | शौ | शं | शः |

युवा युवती लालीमा
लौका रेखा रेवती
लौरो परिवार

रातो हरियो शिशा
शनि हैकम फौज
परेवा शनिबार

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ष | षा | षि | षी | षु | षू | षे | षै | षो | षौ | षं | षः |
| स | सा | सि | सी | सु | सू | से | सै | सो | सौ | सं | सः |
| ह | हा | हि | ही | हु | हू | हे | है | हो | हौ | हं | हः |
| क्ष | क्षा | क्षि | क्षी | क्षु | क्षू | क्षे | क्षै | क्षो | क्षौ | क्षं | क्षः |
| त्र | त्रा | त्रि | त्री | त्रु | त्रू | त्रे | त्रै | त्रो | त्रौ | त्रं | त्रः |
| ज्ञ | ज्ञा | ज्ञि | ज्ञी | ज्ञु | ज्ञू | ज्ञे | ज्ञै | ज्ञो | ज्ञौ | ज्ञं | ज्ञः |

षटकोण दोषी
क्षेत्र ज्ञानी
अक्षय सुरक्षा

हिमाल क्षयरोग
हनुमान होनहार
संसार ज्ञान

५६. माथिको बाह्रखरीलाई क का देखि ङ ङा, च चा देखि ञ ञा गर्दै पढ्न सिकाउनुहोस् र दिइएका शव्दहरुको अर्थ भन्न लगाउनुहोस् ।

→◎ मात्रा लागेका अक्षरबाट बनेका शब्द एवं नामहरु लेख्न लगाउनुहोस् ।

# १३
# आधा अक्षर चिनाउने

५७. सहभागीहरुलाई सग्लो अक्षर र आधा अक्षर उच्चारण गर्दा हुने भिन्नताको धारणा दिनुहोस् । आधा अक्षर बन्ने तरिका बोर्डमा लेखेर देखाई सहभागीहरुलाई पनि पढ्न र कापीमा लेख्न लगाउनुहोस् ।

दि + क् + क = दिक्क

घ + ण् + टा = घण्टा

न + न् + द = नन्द

ब + ज् + यै = बज्यै

च + म् + चा = चम्चा

पु + च् + छ + र = पुच्छर

| | | |
|---|---|---|
| बन्दा | झण्डा | मक्ख |
| चम्चा | सग्लो | सत्य |
| मञ्च | अम्बा | सुन्तला |

५८. जोडेका अक्षर भएका वाक्यहरु जोडीमा पढ्न र एक आपसमा त्यसको आशयका बारेमा छलफल गराउनुहोस् ।

१. मन्दिरमा घण्टा बज्छ ।

२. बन्दाको तरकारी मिठो हुन्छ ।

३. झण्डाको सम्मान गरौं ।

४. बाजे बज्यैलाई आदर गरौं ।

५९. तलको तालिकामा भएको **क** देखि **ज्ञ** सम्मको आधा अक्षर चिनाएर यसरी लेखिन्छ भनी एक एक गरी लेख्ने अभ्यास गराउनुहोस् । साथै तल दिइएको जोडेको अक्षर बन्ने तरिका र जोडेको अक्षर बनेका शब्दहरु पढ्न व्यक्तिगत र जोडीमा पढ्न सिकाउनुहोस् ।

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् | च् | छ् | ज् | झ् | ञ् | ट् | ठ् |
| ड् | ढ् | ण् | त् | थ् | द् | ध् | न् | प् | फ् | ब् | भ् |
| म् | य् | र् | ल् | व् | श् | ष् | स् | ह् | क्ष् | त्र् | ज्ञ् |

६०. सग्लो अक्षरमा आधा अक्षर जोड्दा आधा अक्षर जोडेका शब्दहरु

| | |
|---|---|
| ख् + य = ख्य | ख्याल, मुख्य |
| न् + छ = न्छ | कान्छा, भान्छे |
| प् + य = प्य | प्यास, गोप्य |
| क् + ल = क्ल | निक्ल, सक्ला |
| म् + ल = म्ल | कुम्लो, नाम्लो |
| त् + ल = त्ल | भुत्ला, कत्ला |
| द् + य = द्य | विद्या, यद्यपि |

| | |
|---|---|
| क् + र = क्र | विक्रम, विक्रेता |
| प् + र = प्र | प्रहरी, प्रभात |
| ट् + र = ट्र | ट्रक, राष्ट्र |
| ह् + र = ह्र | साह्रै, गाह्रो |

| | | | | |
|---|---|---|---|---|
| ड्राइभर | विक्रेता | राम्रो | दोस्रो | भद्र |
| बाख्रा | प्रेम | राम्ररी | बाह्र | प्रिय |

| | |
|---|---|
| क् + व = क्व | पक्वान, क्वाप्प |
| र् + प = र्प | सर्प, दर्पण |
| र् + य = र्‍य | पर्‍यो,गर्‍यो |

| | | | |
|---|---|---|---|
| झर्‍यो | मर्‍यो | भर्‍याङ | तिर्खा |
| सर्लाही | झर्को | नर्क | स्वर्ग |

| | |
|---|---|
| क् + ऋ = कृ | कृषि, कृति |
| द् + ऋ = दृ | दृष्टि, वृष्टि |

| | | | |
|---|---|---|---|
| कृषक | कृपा | सृष्टि | कृष्ण |
| मृग | स्मृति | सृजना | दृश्य |

६१. तलका वाक्यहरु जोडीमा पढ्न र एक आपसमा त्यसको आशयका बारेमा छलफल गराउनुहोस् ।

१. शब्द शब्द मिलेर वाक्य बन्छ ।
२. वीरेले व्यापार गरेर मनग्य पैसा कमाए ।
३. कृषकले खेती गर्छ ।
४. लेखपढ गर्नु राम्रो हो ।
५. भर्‍याङ चढ्न गाह्रो छ ।
६. आजभोलि विश्वको तापक्रम वृद्धि हुँदैछ ।

→◎ प्रत्येक सहभागीहरुलाई आधा अक्षरले बनेको शब्द र शब्दबाट वाक्य बनाउन लगाएर जाँच्नुहोस् ।

# १४
# लेख्दा प्रयोग हुने चिन्हहरू

६२. तलका वाक्यहरु १/१ गरी पढ्न र त्यसको आशय बताउन लगाउनुहोस् ।

१. पोसिलो खाना खाएर रोगबाट बचौं ।

२. मंगलले दाल, चामल, आलु र साग किने ।

३. करेसाबारीमा के के तरकारी लगाएको छ ?

४. आहा ! कति मीठो बासना !

६३. वाक्यहरुका बीचमा र अन्त्यमा के कस्ता नयाँ कुरा (चिन्ह) प्रयोग भएका छन् पत्ता लगाउन भन्नुहोस् । अर्ध विराम, पूर्ण विराम, प्रश्नवाचक र विश्मयादिबोधक चिन्हहरु बोर्डमा लेखेर एक एक गरी उच्चारण गर्दै सहभागीहरुलाई पनि उच्चारण गर्न लगाउँदै चिनाउनुहोस् ।

६४. अर्धविराम वाक्यको बीचमा, पूर्णविराम र प्रश्नवाचक चिन्ह वाक्यको अन्त्यमा र विश्मयादिबोधक चिन्ह आश्चर्य कुरो भन्दा प्रयोग हुने शब्द सँगै आउने कुरा बताई थप उदाहरण दिई स्पष्ट पार्नुहोस् ।

| | |
|---|---|
| अर्ध विराम | ( , ) |
| पूर्ण विराम | ( । ) |
| प्रश्नवाचक | ( ? ) |
| विश्मयादिबोधक | ( ! ) |

# १५

# चन्द्रबिन्दु ( ँ ), शिरविन्दु ( ं )

६५. कालोपाटीमा दाँत, आँप लेखेर देखाई उच्चारण गर्नुहोस् र शब्दमा प्रयोग भएको ( ँ ) चिन्हलाई चन्द्रबिन्दु भनिन्छ भनी बताउनुहोस् ।

६६. बास, बाँस, जुगा, जुँगा लेखेर चन्द्रविन्दु राखेको र नराखेको शब्दको उच्चारण गर्न लगाई उच्चारणमा हुने फरक बताइ दिनुहोस् । चन्द्रबिन्दु लागेका अक्षर शब्दहरु नाके स्वरले उच्चारण गर्नुपर्ने कुरा बताई दिइएका शब्द र वाक्यांशहरु पढ्न सिकाउनुहोस् ।

| | | | |
|---|---|---|---|
| दाँत | पाँच | आँप | धूँवा |
| टाँक | आँखा | ऊँट | घाँटी |
| जुँगा | घाँस | बाँस | हँसिया |

रसिलो आँप

हानिकारक धूँवा

बाजेको जुँगा

सीताको आँखा

हरियो घाँस

पाँच दाजुभाइ

६७. त्यस्तै खालका चन्द्र विन्दु लाग्ने अरु शब्दको प्रयोग गरी वाक्यांशहरु भन्न लगाउनुहोस् ।
६८. चन्द्रबिन्दु लागेका शब्दहरु कापीमा लेख्न लगाउनुहोस् र पढ्न लगाउनुहोस् ।
६९. कंश, अंश, रंग जस्ता शिरविन्दु लागेका शब्द कालोपाटीमा लेखेर देखाई उच्चारण गर्नुहोस् । शब्दमा प्रयोग भएको ( ं ) चिन्हलाई शिरबिन्दु भनिन्छ भनी बताउनुहोस् । शिरबिन्दु लागेका अक्षर, शब्द उच्चारण गर्दा नाके स्वरले गर्नुपर्ने कुरा बताई दिइएका शब्द र वाक्यांशहरु पढ्न सिकाउनुहोस् ।

| | | | |
|---|---|---|---|
| अंश | वंश | रंग | अंक |
| गंगा | डुंगा | औंला | अंगुर |
| संसार | भंसार | मंगल | जंगल |

दाजु भाइको अंश

पहेंलो रंग

हातका औंला

फेवातालमा डुंगा

जंगलको संरक्षण

७०. शिरविन्दु लाग्ने अरु शब्दहरु पनि भन्न लगाउनुहोस् ।

७१. शिरबिन्दु लागेका शब्दहरु कापीमा लेख्न लगाउनुहोस् ।

→◎ **लेख्दा प्रयोग हुने चिन्ह चन्द्रविन्दु र शिरविन्दु भएका शब्दहरु पढ्न/लेख्न लगाएर जाँच्नुहोस् ।**

# १६
# लेखेर परिचय दिने

७२. हामी कुनै भेला, बैठक, सभामा भाग लिन जाँदा आफ्नो परिचय दिनुपर्ने हुन्छ । त्यस्तै कक्षामा निरीक्षण गर्न आउनेहरुलाई पनि परिचय दिनु पर्ने हुन्छ । त्यसैले आज हामी परिचय दिने बारे सिक्छौं भन्ने कुरा बताई कक्षा शुरु गर्नुहोस् ।

७३. २/४ जनालाई मौखिक परिचय दिन लगाउनुहोस् । जस्तैः

*नाम :*

*ठेगाना :*

*काम :*

रामरी भन्न सक्ने १/२ जनालाई बोलाई कालोपाटीमा उनीहरुको नाम, ठेगाना, काम लेख्न लगाई पढ्न लगाउनुहोस् ।

७४. त्यस्तैगरी अरु २/४ जना सहभागीहरुको पनि परिचय गराउनुहोस् । अब सबै सहभागीहरुलाई आ-आफ्नो कापीमा लेख्न लगाउनुहोस् ।

*नाम :*

*ठेगाना*

*काम :*

७५. २/२ जना सहभागीको जोडीमा एकको कापी अर्कोलाई दिन लगाउनुहोस् । कापीमा लेखेका कुरा पढ्न लगाउनुहोस् र लेखेको मिल्छ मिल्दैन जाँच पनि गराउनुहोस्, नमिलेको भए मिलाउन लगाउनुहोस् । थप सहयोग चाहिएमा सहयोग गर्नुहोस् ।

७६. अब पालैपालो जोडीमा एकले अर्कोको कापीमा लेखेको हेरी परिचय गराउनुहोस् जस्तो १ नं. जोडीमा **क** ले परिचय दिने

*नमस्कार मेरो साथीको परिचय गराउन चाहन्छु*

*मेरो साथीको नाम ..................*

*ठेगाना.............*

*काम .................*

यस्तै तरिकाले **ख** को अनि अरु जोडीको परिचय गराउनुहोस् ।

७७. सबैलाई परिचय कार्यक्रम कस्तो लाग्यो ? सोध्नुहोस् । सहभागीका केही प्रश्न भए जवाफ दिई धन्यवाद समेत दिनुहोस् । परिचय दिँदा स्पष्ट रुपमा अरुले सुन्ने र बुझ्ने गरी आफ्नो नाम ठेगाना बताउनु पर्ने बारे बुझाई कक्षा अन्त गर्नुहोस् ।

# १७

# १ देखि १० सम्मको अंक

७८. कक्षा वा कक्षाको वरपर पाइने ठोस वस्तुको प्रयोग गरी १ देखि १० सम्मको धारणा दिनुहोस् । कालोपाटीमा रेखा गन्तीको तरिकाबाट १ देखि १० सम्मका लागि अलग अलग रेखाहरु कोरी १/२ जना सहभागीलाई गन्न लगाउनुहोस् ।

७९. रेखाहरुसँगै १ देखि १० अंकहरु लेखेर धेरैपल्ट उच्चारण गर्न लगाउनुहोस् । चित्र र रेखा गन्दै अंकहरु औल्याउँदै उच्चारण गर्न सिकाउनुहोस् जस्तैः कुकुर एउटा १, फर्सी दुई ओटा २, झण्डा छ ओटा ६ आदि ।

| | | |
|---|---|---|
|  | \| | १ |
|  | \|\| | २ |
|  | \|\|\| | ३ |
|  | \|\|\|\| | ४ |
|  |  | ५ |
|  |  | ६ |
|  |  | ७ |

| | | |
|---|---|---|
|  |  | ८ |
|  |  | ९ |
|  |  | १० |

८०. १ देखि १० अंकहरु पालैपालो एक एक गरी कालोपाटीमा लेखेर देखाउनुहोस् र प्रत्येक अंक लेख्दै सहभागीहरुलाई कापीमा लेख्न लगाउनुहोस् ।

८१. १ देखि १० सम्मको अंक कापीमा लेख्न अभ्यास गराउनुहोस् । पुस्तकमा दिइएको खाली कोठाहरुमा पनि लेख्न लगाउनुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| ६ | ७ | ८ | ९ | १० |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

→◎ कालोपाटीमा १ देखि १० सम्मको अंक लेखेर सहभागीहरुलाई भन्न लगाई जाँच गर्नुहोस् ।

# १८
# परिवार

८२. १/२ जना सहभागीहरुलाई पालैपालो उनीहरुको परिवारमा को को छन् ? भन्न लगाउनुहोस् ।

८३. कसैको परिवार सानो हुन्छ, कसैको परिवार ठूलो हुन्छ । परिवारमा सबै सदस्यहरुको आ-आफ्नो भूमिका हुन्छ भन्ने कुराको जानकारी दिनुहोस् ।

८४. तल दिइएको चित्र हेरी छलफल गर्न भन्नुहोस् । छलफल गरेका कुराहरु अगाडि आएर सुनाउन लगाउनुहोस् । थप १/२ प्रश्न सोधी परिवारमा सबैले मिलेर काम गर्नु पर्छ भनी स्पष्ट पार्नुहोस् ।



८५. दिइएका वाक्यहरु सहभागीहरुलाई जोडीमा पढ्न लगाउनुहोस् र पढेर बुझेका कुराहरु भन्न लगाउनुहोस् ।

## रमाको परिवार सानो छ ।
## परिवारमा मेलमिलाप छ ।
## परिवार सुखी छ ।

८६. अन्तमा सानो परिवार नै सुखी परिवार हुन्छ भन्ने सन्देश बताउनुहोस् ।

८७. बाकसमा दिइएका शब्द र वाक्य एक एक गरी कालोपाटीमा लेखेर देखाइ सहभागीहरुलाई पुस्तकको खाली कोठामा भर्न लगाउनुहोस् । एक आपसमा पुस्तक साटासाट गरी लेखेको जाँच्न लगाउनुहोस् ।

## खाली कोठामा सार्नुहोस् ।

| सानो | परिवार | सुखी | हुन्छ |
| --- | --- | --- | --- |
| | | | |
| | | | |
| | | | |
| | | | |

सानो परिवार सुखी परिवार ।

→◎ सानो परिवार सुखी हुन्छ भन्नुका कारणहरु भन्न लगाउनुहोस् ।

# १९

# सरसफाइ

८८. तलको चित्र हेर्न लगाउनुहोस् र त्यसबारेमा छलफल गराउनुहोस् । सरससफाइ र सफा वातावरणले स्वस्थ रहन मद्दत पुग्ने निष्कर्षमा पुऱ्याउनुहोस् ।



८९. दिइएका वाक्यहरु एक एक गरी पढेर सुनाउनुहोस् र सहभागीहरुलाई एक्लै र जोडीमा पढ्न लगाउनुहोस् । साथै वाक्यहरुको आशय बारेमा छलफल गराउनुहोस् ।

मीनाको घर सफा छ ।

घर दिनहुँ सफा गर्छन् ।

घरको फोहोरबाट मल बनाउँछन् ।

मल करेसाबारीमा राख्छन् ।

दिसा पिसाब गर्न चर्पी प्रयोग गर्छन् ।

सफा वातावरणले गर्दा परिवार स्वस्थ छन् ।

१०. सहभागीहरुलाई तल दिइएका प्रश्नहरुको आधारमा छलफल गरी आ-आफ्नो कुरा भन्न लगाउनुहोस् । कुनै कुरा छुटेका भए आफूले थपी दिनुहोस् ।

१. तपाईंहरु घरलाई सफा राख्न के के गर्नुहुन्छ ? छलफल गर्नुहोस् ।

२. घर सफा गरेमा के के फाइदा हुन्छ ? छलफल गर्नुहोस् ।

११. सरसफाइ सम्बन्धी पोष्टर संकलन गरी व्यक्तिगत र समूहमा अध्ययन गराउनुहोस् ।

१२. बाकसमा दिइएका शब्दहरु तथा वाक्यहरु एक एक गरी कालोपाटीमा लेखेर देखाई सहभागीहरुलाई पनि आ-आफ्नो कापीमा लेख्न लगाउनुहोस् । एक आपसमा पुस्तक साटासाट गरी लेखेको जाँच्न लगाउनुहोस् ।

**खाली कोठामा सार्नुहोस् ।**

| सफा | गरौं | स्वस्थ | रहौं । |
|---|---|---|---|
| | | | |

सरसफाइमा ध्यान दिऔं ।

| |
|---|
| |

सरसफाइ गरौं, निरोगी बनौं ।

| |
|---|
| |

→◎ सफा वातावरण बनाउन के के गर्नुपर्छ भन्न लगाउनुहोस् । बोर्डमा केही वाक्यका शब्दहरु छयासमिसे पारेर लेखी तिनीहरुलाई कापीमा क्रम मिलाएर लेख्न लगाई जाँच्नुहोस् ।

# २०

# व्यक्तिगत सरसफाइ

९३. दिइएका अनुच्छेद सानो समूह वा जोडीमा पढ्न लगाई छलफल गराउनुहोस् । तीमध्ये आफूले गर्ने गरेका कुराहरु साथीहरुलाई पनि भन्न लगाउनुहोस् ।

हामीले आफ्नो शरीरको सरसफाइमा ध्यान दिनुपर्छ । व्यक्तिगत सरसफाइमा यी कुरा पर्छन् :

- हात धुने
- मुख धुने
- दाँत माझ्ने
- नङ काट्ने
- कपाल कोर्ने
- सफा लुगा लगाउने
- नुहाउने आदि ।









**हात धुने बानी बसालौं ।**

रोग लाग्न नदिन सँधै हात धुने बानी बसाल्नु पर्छ । खाना पकाउनु अघि हात धुनुपर्छ । खाना खानु अघि पनि हात धुनु पर्छ । शौचालय गएर आएपछि हात धुने गर्नुपर्छ । हात धुन साबुन वा खरानी र सफा पानी प्रयोग गर्नुपर्छ ।

९४. तलको अभ्यास निर्देशन अनुसार गराउनुहोस् ।

## धर्का तानेर जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| १. खाना खाएपछि | कोर्नु पर्छ । |
| २. दिनहुँ कपाल | सफा हुनुपर्छ । |
| ३. लुगा | दाँत माझ्नु पर्छ । |
| ४. शौचालय गएर आएपछि | छोटो र सफा राख्नुपर्छ । |
| ५. नङलाई सँधैं | साबुन लगाएर हात धुनुपर्छ । |

## अभ्यास

क. खाना पकाउनु अघि के गर्नुपर्छ ?

ख. शौचालय गएर आएपछि के गर्नुपछ ?

→◎ शरीरको सरसफाइको लागि के के गर्नुपर्छ भन्ने बारे सोध्नुहोस् ।

# २१

# अंग्रेजी अक्षर पढ्ने र लेख्ने

९५. कालोपाटीमा पहिले अंग्रेजीको **Capital** अक्षर लेखेर उच्चारण गर्दै सहभागीहरुलाई पनि उच्चारण गराउनुहोस् । त्यसपछि सँगसँगै **Small letter** लेख्दै उच्चारण गर्दै सहभागीहरुलाई दोहोऱ्याउन लगाउनुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| ए<br>A a | बी<br>B b | सी<br>C c | डी<br>D d | ई<br>E e |
| एफ<br>F f | जी<br>G g | एच्<br>H h | आइ<br>I i | जे<br>J j |
| के<br>K k | एल्<br>L l | एम्<br>M m | एन्<br>N n | ओ<br>O o |
| पी<br>P p | क्यू<br>Q q | आर्<br>R r | एस्<br>S s | टी<br>T t |
| यु<br>U u | भी<br>V v | डब्लु<br>W w | एक्स्<br>X x | वाइ<br>Y y |
| जेड्<br>Z z | | | | |

९६. **Capital letter** र **Small letter** पालैपालो एक एक गरी कालोपाटीमा लेखेर देखाउनुहोस् र सहभागीहरुलाई पनि कापीमा लेख्न अभ्यास गराउनुहोस् । पुस्तकमा पनि लेख्न लगाउनुहोस् ।

| A | B | C | D | E | F | G |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| H | I | J | K | L | M | N |
| | | | | | | |
| O | P | Q | R | S | T | U |
| | | | | | | |
| V | W | X | Y | Z | | |
| | | | | | | |

| a | b | c | d | e | f | g |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| h | i | j | k | l | m | n |
| | | | | | | |
| o | p | q | r | s | t | u |
| | | | | | | |
| v | w | x | y | z | | |
| | | | | | | |

९७. सहभागीहरुलाई उदाहरणमा देखाए जस्तै गरी '*मिल्ने अक्षरमा घेरा लगाउनुहोस्*' अभ्यास गराउनुहोस् ।

## मिल्ने अक्षरमा घेरा लगाउनुहोस् ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| A | C | W | (A) | P | T | W |
| F | M | n | v | F | I | Q |
| c | N | V | Y | P | l | c |
| G | A | N | G | b | q | t |
| r | N | V | Y | P | l | r |
| J | W | J | N | m | y | q |
| L | L | R | E | r | t | y |
| y | M | B | C | D | T | y |
| p | E | r | e | w | p | E |
| q | h | y | S | q | S | F |
| Q | t | D | K | R | G | Q |
| b | b | C | D | T | F | I |

९८. धर्का तानेर ठूलो र सानो अक्षरको जोडा मिलाउने अभ्यास गराउनुहोस् ।

## धर्का तानेर ठूलो र सानो अक्षरको जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| B | d |
| D | h |
| F | b |
| H | j |
| J | l |
| L | f |
| N | t |
| Q | w |
| T | q |
| W | n |

→◎ बोर्डमा केही साना अंग्रेजी अक्षरहरु लेखेर सहभागीहरुलाई त्यसको ठीक तल मिल्दो ठूला अक्षर लेख्न लगाएर जाँच्नुहोस् ।

# २२

# तरकारी खेती

९९. चित्र हेरी छलफल गर्न लगाउनुहोस् । तरकारी खेतीको मुख्य महत्व ताजा र पोसिलो तरकारी खान, बढी भएको बिक्रि गरी आम्दानी गर्न सघाउ पुग्ने कुरा निष्कर्षमा पुऱ्याउनुहोस् ।



१००. त्यसपछि जोडीमा दिइएका बुँदाहरु पढ्न लगाउनुहोस् । बुझे नबुझेको जाँच्न समूहमा र व्यक्तिगत रुपमा प्रश्नोत्तर गर्नुहोस् ।

- राधा तरकारी खेती गर्छिन् ।
- परिवारले आफ्नै बारीको तरकारी खान्छन् ।
- तरकारी बजारमा लगेर बिक्रि पनि गर्छन् ।
- यसबाट परिवारको आम्दानी बढेको छ ।

१०१. तल दिइएको निर्देशन अनुसार गराउनुहोस् ।

तरकारी खेती गर्नाले के के फाइदा हुन्छ ? लेख्नुहोस् ।

## खाली कोठामा सार्नुहोस् ।

| | | | |
|---|---|---|---|
| तरकारी | | | |
| खेती | | | |
| बारी | | | |
| बजार | | | |

## तरकारी खेतीबाट आम्दानी बढ्छ ।

| |
|---|
| |
| |

१०२. सहभागीहरुलाई दुइ दुइ जनाको जोडीमा कोठाहरुमा भएका अक्षरहरुबाट बन्ने तरकारीहरुको नाम पत्ता लगाई घेरा लगाउन भन्नुहोस् र पत्ता लागेका तरकारीका नामहरु कापीमा लेख्न लगाएर भन्न लगाउनुहोस् । जस्तै : **परवल**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| लौ | कु | रि | ल | गो | ल | घि |
| का | क | र्क | लो | ल | सु | रौ |
| फू | प | सा | ग | भें | न | ला |
| ल | र | प्या | ज | डा | सी | मी |
| को | व | गा | ज | र | का | क्रो |
| पी | ल | रा | म | तो | रि | या |

→◎ **तरकारी खेतीबाट के कस्तो फाइदा हुन्छ, लेखाएर जाँच्नुहोस् ।**

# २३

# अंग्रेजी अंक 1-10 चिन्ने

१०३. **1** देखि **10** अंकहरु पालैपालो एक एक गरी कालोपाटीमा लेखेर उच्चारण गर्दै देखाउनुहोस् । पहिले एउटा अंक आफूले उच्चारण गरी सहभागीलाई सँगसँगै दोहोऱ्याउन लगाउनुहोस् । एवं रीतले **10** सम्मको अंक चिनाउनुहोस् ।

| अंग्रेजी अंक | उच्चारण | नेपाली अंक |
|---|---|---|
| 1 | वान | १ |
| 2 | टु | २ |
| 3 | थ्री | ३ |
| 4 | फोर | ४ |
| 5 | फाइब | ५ |
| 6 | सिक्स | ६ |
| 7 | सेभेन | ७ |
| 8 | ऐट | ८ |
| 9 | नाइन | ९ |
| 10 | टेन | १० |

१०४. **1** देखि **10** अंकहरु पालैपालो एक एक गरी कालोपाटीमा लेखेर उच्चारण गर्दै लेख्न सिकाउनुहोस् । प्रत्येक अंक लेख्दै सहभागीहरुलाई कापीमा लेख्न लगाउनुहोस् ।

१०५. सहभागीहरुले सबै अंक कापीमा लेख्न जानिसकेपछि तलको बाकसमा भर्न लगाउनुहोस् । आवश्यक परे सहभागीहरुलाई लेख्नमा सहयोग गर्नुहोस् ।

## लेख्नुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| 1 | | | | |
| 2 | | | | |
| 3 | | | | |
| 4 | | | | |
| 5 | | | | |
| 6 | | | | |
| 7 | | | | |
| 8 | | | | |
| 9 | | | | |
| 10 | | | | |

→◎ अंग्रेजी अंकहरु औल्याउँदै भन्न लगाएर र केही अंकहरुलाई बोर्ड या कापीमा लेख्न लगाएर जाँच्नुहोस् ।

# २४

# सूचना-सञ्चार

१०६. दिइएको चित्र हेर्न र त्यसमा के देखिन्छ छलफल गराउनुहोस् र सँगैको वाक्य तथा अनुच्छेदहरु एक एक गरी पढेर सुनाई सहभागीहरुलाई एक्लै र जोडीमा पढ्न लगाउनुहोस् । साथै सहभागीहरुलाई वाक्यको आशय बारेमा छलफल गराउनुहोस् ।



रेडियो

रेडियोबाट समाचार, सूचना सुन्न पाइन्छ ।



टेलिभिजन

टेलिभिजनबाट समाचार, गीत, फिल्म हेर्न र सुन्न पाइन्छ ।



पत्रिका

पत्रपत्रिकामा देश विदेशको खबर पढ्न पाइन्छ ।



टेलिफोन

टेलिफोनबाट टाढा रहेर पनि एक आपसमा कुरा गर्न सकिन्छ।



हुलाक बाकस

हुलाकले एक ठाउँबाट अर्को ठाउँमा चिठीपत्र पुर्‍याउने गर्छ।



कम्प्युटर

कम्प्युटरबाट ज्ञान, सीप र सूचना आदान प्रदान गर्न सकिन्छ ।

१०७. तल दिइएको निर्देशन अनुसार क्रियाकलाप गराउनुहोस् ।

## अभ्यास

क) दैनिक जीवनमा ज्ञान, सूचनाको महत्वबारे छलफल गर्नुहोस् ।

ख) तपाईंले सूचना पाउन के कस्ता साधनहरुको प्रयोग गर्दै आउनु भएको छ ? लेख्नुहोस् ।

ग) तपाईंले रेडियो, टेलिभिजन, पत्रिका आदिबाट हालसालै सुनेका, देखेका खबर साथीहरुलाई सुनाउनुहोस् ।

१०८. मोबाइलको उपयोगिताबारे छलफल गर्दै सम्भव भएमा वास्तविक मोवाइल प्रयोग गरी मोबाइल चलाउने तरिका सिकाउनुहोस् । साथै बुँदाहरु पनि पढेर सुनाउनुहोस् ।

## मोबाइल



मोबाइल

- मोबाइल एक आपसमा कुरा गर्ने उपयोगी साधन हो ।
- हाम्रो मोबाइल नम्बरमा १० वटा अंक हुन्छन् ।

जस्तैः 9841460043 , 9857046589

❖ टेलिफोन नम्बरमा डायल गर्दा कोड नंम्बर हान्नुपर्छ । जस्तैः कोड नम्बरको लागि (01) थप्नुपर्छ । जस्तै : 01 5534416

❖ मोबाइलबाट खबरहरु लेखेर (SMS) पनि पठाउन सकिन्छ ।

❖ यसबाट क्याल्कुलेटर, फोन, घडी, रेडियो, क्यामेरा, भिडियो गेम आदि सुविधाहरु पनि लिन सकिन्छ ।

१०९. तल दिइएको निर्देशन अनुसार क्रियाकलाप गराउनुहोस् ।

**अभ्यास**

तपाईंसँग मोबाइल छ ? छ भने के के काममा प्रयोग गर्ने गर्नु भएको छ, लेख्नुहोस् ।

११०. चिठीपत्रको महत्वबारे छलफल गराई दिइएको चिठीको नमूना पढ्न र कापीमा सार्न लगाउनुहोस् ।

१११. सहभागीहरुलाई आफ्नो परिवारका सदस्य वा साथीलाई एउटा चिठी लेख्न अभ्यास गराउनुहोस् । लेख्न गाह्रो हुने सहभागीलाई मद्दत गर्नुहोस् । लेखिसकेका चिठीहरु हेरी आवश्यक सल्लाह दिनुहोस् ।

# चिठीपत्र



२०७० कार्तिक १ गते

प्रिय पतिज्यू,

दण्डवत्

ईश्वरको दया र हजुरको आशिर्वादले हामी सबैलाई सन्चै छ । हजुरलाई पनि आराम होस् भनी ईश्वरसँग प्रार्थना गरेकी छु । अचेल म साक्षरता कक्षामा पढ्दैछु । जानी नजानी यो पत्र लेखेको छु । आफ्नो स्वास्थ्यको ख्याल राख्नुहोस् ।

अरु पछि लेखुँला ।

हजुरकी
माया

→◎ सूचना सञ्चारका विभिन्न साधनहरु के के का लागि प्रयोग गरिन्छ भनी सोध्नुहोस् ।

# २५
# महिला शिक्षा

११२. हामीले किन लेखपढ गर्ने मौका पाएनौं ? पढ्न नपाउँदा के समस्या पऱ्यो ? भन्ने प्रश्नमाथि छलफल गरी महिला शिक्षाको महत्व बताउनुहोस् ।

११३. दिइएको चित्र अवलोकन गर्न लगाउनुहोस् । अनुच्छेद बिस्तारै पढेर सुनाई सहभागीलाई पढ्न लगाउनुहोस् ।




सिक्नलाई उमेरले छेक्दैन । आफूलाई चाहिने ज्ञान सीप सिक्न पढ्न लेख्न जान्नुपर्छ । पढ्न लेख्न जान्नु भनेको साक्षर हुनु हो । साक्षरता अभियान हाम्रो लागि अवसर हो । साक्षरतक कक्षामा नयाँ नयाँ ज्ञान सीपका कुरा सिक्छौं । सिकेका कुरा व्यवहारमा लागू गर्न सक्छौं ।

११४. तलको प्रश्नको उत्तर के हुन्छ सोचेर कापीमा लेख्न लगाउनुहोस् र १/२ जनालाई लेखेको कुरा सुनाउन लगाइ १/२ जनालाई कालोपाटीमा समेत लेख्न लगाउनुहोस् ।

## अभ्यास

लेखपढ गर्न नआउँदा के हुन्छ ? लेख्नुहोस् ।

११५. तल दिइएका शब्द र वाक्यहरु कापी र पुस्तकमा लेख्न लगाएर अभ्यास गराउनुहोस् ।

| | | | |
|---|---|---|---|
| ज्ञान | | | |
| सीप | | | |
| साक्षर | | | |
| अभियान | | | |
| अवसर | | | |

पढ्न लेख्न जान्नु भनेको साक्षर हुनु हो ।

---------------------------------------------------------------------

---------------------------------------------------------------------

---------------------------------------------------------------------

साक्षरता अभियान हाम्रो लागि अवसर हो ।

---------------------------------------------------------------------

---------------------------------------------------------------------

---------------------------------------------------------------------

# २६

# (0) शून्य र ११ देखि २0 अंक सम्म पढ्ने र लेख्ने

११६. सहभागीहरुलाई शून्यको धारणा बताइदिने । जस्तैं : तलको पहिलो चित्रमा ३ वटा, दोस्रो चित्रमा ५ वटा र तेस्रो चित्रमा कति पनि छैन (खाली छ) । केही पनि नभएकोलाई हामी अंकमा शून्य (०) लेख्छौं भनि लेखेर देखाइदिनुहोस् र शून्यलाई धेरैपल्ट उच्चारण गर्न लगाउनुहोस् ।




११७. कालोपाटीमा १०+१=११ लेखी १० मा १ थप गर्दा ११ हुन्छ भनी बताउनुहोस् ।

११८. तलको तालिकाको आधारमा क्रमशः ११ देखि २० सम्मको अङ्क पढ्न लगाउनुहोस् । कापीमा पनि ११ देखि २० सम्मको अंक लेख्न लगाउनुहोस्, जाँच्नुहोस्, नमिलेको भए मिलाउन लगाउनुहोस् । पुस्तकमा पनि लेख्न लगाउनुहोस् ।

११९. १० र १ को बिचमा भएको यो चिन्ह ( + ) ले थपेको जनाउँछ र यसलाई जोड चिन्ह भनिन्छ भनी चिनाउनुहोस् ।

## हेर्नुहोस् र पढ्नुहोस् ।

| | | | |
|---|---|---|---|
| १० | + | १ | ११ |
| दश | र | एक | एघार |
| १० | + | २ | १२ |
| दश | र | दुई | बाह्र |

| | | | |
|---|---|---|---|
| १० | + | ३ | १३ |
| दश | र | तीन | तेऱ्ह |
| १० | + | ४ | १४ |
| दश | र | चार | चौध |
| १० | + | ५ | १५ |
| दश | र | पाँच | पन्ध्र |
| १० | + | ६ | १६ |
| दश | र | छ | सोह्र |
| १० | + | ७ | १७ |
| दश | र | सात | सत्र |
| १० | + | ८ | १८ |
| दश | र | आठ | अठार |
| १० | + | ९ | १९ |
| दश | र | नौ | उन्नाइस |
| १० | + | १० | २० |

| | | | | |
|---|---|---|---|---|
| ११ | १२ | १३ | १४ | १५ |
| | | | | |
| १६ | १७ | १८ | १९ | २० |
| | | | | |

१२०. दशको मुठा बनाउने तरिका र दशको एक मुठा + अर्को दशको एक मुठा जोड्दा २० हुने कुरा सिकाउनुहोस् ।

| | |
|---|---|
| १० + १० | २० |
| दश र दश | बीस |
|  +  |   |
| दशको दुई मुठ्ठा | २० |

| | |
|---|---|
| ✡✡✡✡✡<br>✡✡✡✡✡ | १० |
| ✡✡✡✡✡<br>✡✡✡✡✡ | + १० |
| ✡✡✡✡✡ ✡✡✡✡✡<br>✡✡✡✡✡ ✡✡✡✡✡ | २० |

→◎ वस्तु वा चित्रको प्रयोग गरी शून्यबारे बुझे नबुझेको जाँच्नुहोस् ।

→◎ १० मा कस्तो चिन्ह र कुन अंक राख्दा १८ हुन्छ सहभागीको कापीमा लेख्न लगाएर जाँच्नुहोस् ।

# २७

# अंग्रेजी अक्षर पढ्ने र लेख्ने

१२१. अब हामी अंग्रेजीमा क देखि ज्ञ सम्म सिक्ने कुरा जानकारी दिई तालिकाको क देखि **ज्ञ** सम्म, अ देखि अः सम्म र क का देखि कः सम्म सहभागीहलाई संगसंगै पढ्न लगाउनुहोस् । जस्तैः **Ka** (क), **Kha** (ख)

## अंग्रेजीमा क, ख...., अ, आ...., क, का... पढौं ।

| | | | | |
|---|---|---|---|---|
| Ka<br>क | Kha<br>ख | Ga<br>ग | Gha<br>घ | Nga<br>ङ |
| Cha<br>च | Chha<br>छ | Ja<br>ज | Jha<br>झ | Yna<br>ञ |
| Ta<br>ट/त | Tha<br>ठ/थ | Da<br>ड/द | Dha<br>ढ/ध | Na<br>न |
| Pa<br>प | Pha<br>फ | Ba<br>ब | Bha<br>भ | Ma<br>म |
| Ya<br>य | Ra<br>र | La<br>ल | Wa<br>व | Sha<br>श |
| Shha<br>ष | Sa<br>स | Ha<br>ह | Ksha<br>क्ष | Tra<br>त्र |
| Gyn<br>ज्ञ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| A<br>अ | AA<br>आ | I<br>इ | EE<br>ई | U<br>उ | OO<br>ऊ |
| E<br>ए | AI<br>ऐ | O<br>ओ | AU<br>औ | AM<br>अं | AH<br>अः |

| | | | | | |
|---|---|---|---|---|---|
| KA<br>क | KA(A)<br>का | KI<br>कि | KEE<br>की | KU<br>कु | KOO<br>कू |
| KE<br>के | KAI<br>कै | KO<br>को | KAU<br>कौ | KAM<br>कं | KAH<br>कः |

१२२. पहिला स्वयंसेवकले आफ्नो नाम अंग्रेजीमा लेखेर उच्चारण गर्नुहोस् । उच्चारण गर्दा नेपालीको एक एक अक्षरको उच्चारण गर्नुहोस् । जस्तैः रेनु छ भने **RE** (रे) **NU** (नु) भन्ने ।

१२३. सबै सहभागीहरुलाई आ-आफ्नो कापीमा अंग्रेजीमा आफ्नो पूरा नाम लेख्न लगाउनुहोस् । नजानेकोलाई फेरी सिकाउनुहोस् । नाम र थरको पहिलो अक्षर ठूलो (Capital) हुनुपर्ने कुरा पनि बताउनुहोस् ।

## अंग्रेजीमा आफ्नो नाम लेख्नुहोस् । जस्तोः

Rita Tharu

-------- ---------

**अंग्रेजीमा आफ्नो नाम भन्न पनि सिक्नुहोस् ।**

| |
|---|
| My name is **Rita.**<br>(माइ नेम इज रिता)<br>मेरो नाम रिता हो । |
| My name is ............................. |

१२४. सहभागीहरुलाई मोबाइलबाट अंग्रेजीमा तल दिएको उदाहरण जस्तै गरी मेसेज पठाउन सकिन्छ भन्ने कुरा सिकाउनुहोस् । एक दुइजनालाई गराएर पनि देखाउनुहोस् ।

## मोबाइलबाट मेसेज

मेरो घरमा काम छ, म आउँन भ्याउँदिन

रुपा

**Mero gharma kam cha, ma auna vyaudina.**

**Rupa**

# २८

# १ देखि १०० सम्मको अंक चिन्ने

१२५. १ देखि १०० सम्मको अंक चिनाउनुहोस् । पढ्न लगाउनुहोस्, कापीमा लेख्न लगाउनुहोस् र जाँच्नुहोस् ।

## चिनेर पढ्ने अभ्यास गर्नुहोस् ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० |
| २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
| ३१ | ३२ | ३३ | ३४ | ३५ | ३६ | ३७ | ३८ | ३९ | ४० |
| ४१ | ४२ | ४३ | ४४ | ४५ | ४६ | ४७ | ४८ | ४९ | ५० |
| ५१ | ५२ | ५३ | ५४ | ५५ | ५६ | ५७ | ५८ | ५९ | ६० |
| ६१ | ६२ | ६३ | ६४ | ६५ | ६६ | ६७ | ६८ | ६९ | ७० |
| ७१ | ७२ | ७३ | ७४ | ७५ | ७६ | ७७ | ७८ | ७९ | ८० |
| ८१ | ८२ | ८३ | ८४ | ८५ | ८६ | ८७ | ८८ | ८९ | ९० |
| ९१ | ९२ | ९३ | ९४ | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० |

दशको दश मुट्ठा भनेको सय (१००) हो ।

# २९
# पोसिलो खाना

१२६. हामीले दैनिक रुपमा खाने खाना बारे छलफल गर्नुहोस् । शरीर स्वस्थ राख्न विभिन्न किसिमका खानेकुराहरु मिलाएर खानुपर्छ भन्दै चित्र हेर्न लगाउनुहोस् । चित्रमा भएका तीन किसिमका पोसिलो खानेकुरा बारे छलफल गर्नुहोस् र अनुच्छेद पढ्न लगाउनुहोस् ।



स्वास्थ्य नै धन हो । सबैले आफ्नो स्वास्थ्यको ख्याल गर्नुपर्छ । स्वस्थ रहन पोसिलो खानेकुरा खानुपर्छ । हामीलाई चाहिने पोसिलो खानेकुरा तीन किसिमका हुन्छन् ।

| | |
|---|---|
| तागत दिने | भात, रोटी, ढिंडो जस्ता अन्नबाट बनेका खानेकुरा र घ्यू, तेल, चिनी आदि । |

| | |
|---|---|
| शरीर बन्ने र बढ्ने | माछा, मासु, अण्डा, दूध, दाल, गेडागुडी |
| रोग लाग्नबाट बचाउ गर्ने | ताजा फलफूल, तरकारी, हरियो सागसब्जी आदि |

तीनवटै समूहबाट १/२ थोक मिलाएर खाएमा खाना पोसिलो हुन्छ । यसले शरीर स्वस्थ राख्न मद्दत गर्छ ।

१२७. दिइएको निर्देशन अनुसार अभ्यास गराउनुहोस् र उदाहरणमा दिइए जस्तै गरी तालिका भर्न र प्रस्तुत गर्न लगाउनुहोस् । निष्कर्षमा गाउँघरमै पाइने पोसिलो खानाले पनि शरीर स्वस्थ रहन मद्दत पुग्ने कुरा बताउनुहोस् ।

आफ्नो गाउँघरमा पाइने तीन समूहको खानेकुराको नाम तालिकामा लेख्नुहोस् ।

| तागत दिने | शरीर बढाउने | रोगबाट जोगाउने |
|---|---|---|
| चामल,...... | दही, .......... | कर्कलो, ....... |

→◎ आफ्नो गाउँघरमा पाइने तीन समूहका खानेकुराको नाम भन्न लगाउनुहोस् ।

# ३०

# जोड हिसाब

१२८. ठोस वस्तु समेत प्रयोग गरी कालोपाटीमा उदाहरणको जस्तै जोड हिसाब गरेर देखाउनुहोस् । १/२ जना सहभागीलाई पनि उक्त हिसाब कालोपाटीमा गराउनुहोस् । आ-आफ्नो कापीमा पनि गर्न लगाउनुहोस् ।



  २
+ २
―――
  ४

| २ + २ = ४ |
|---|

  ४
+ ५
―――
  ९

| ४ + ५ = ९ |
|---|

  १२
+ १५
―――
  २७

| १२ + १५ = २७ |
|---|

१२९. त्यसैगरी हात लागी आउने जोड पनि १/२ ओटा गरेर देखाउनुहोस् । जस्तै :

  १३
+ २८
―――
  ४(१) वा ४१

१३०. सहभागीहरुलाई सानो समूह वा जोडीमा पुस्तकमा दिइएको हिसाब गर्न लगाउनुहोस् ।

## हिसाब गर्नुहोस् ।

क) रामकलीको बगैँचामा आँपका ९ ओटा र कटहरका ८ ओटा रुखहरु छन् भने दुबै गरेर जम्मा कतिवटा रुखहरु छन् ?

  ९ ओटा
\+ ८ ओटा
.........ओटा

| ९ + ८= ...... |
|---|

ख) सीतासँग १४ रुपैंया थियो । उनका बाबुले उनलाई २५ रुपैया दिनुभयो । उनीसँग अब जम्मा कति रुपैंया भयो ?

ग) नर्बदा बजार गएकी थिइन् । उनले सुन्तला किनेर एउटा झोलामा ४० ओटा र अर्को झोलामा ४० ओटा राखिन् । घरमा आएर दुई झोलाको सुन्तला एकै ठाउँमा राखिन् । उनले बजारबाट कति ओटा सुन्तला किनेर ल्याएकी रहेछिन् ?

घ) सीताले बजारमा ५० रुपैंयाको सामान किनिन् । रामले पनि ४० रुपैंयाको सामान किन्दा दुबै जना मिलेर कति खर्च गरेछन् ?

→◎ एक दुईओटा जोड हिसाब कापीमा गर्न दिएर जाँच्नुहोस् ।

# ३१
# महिला स्वास्थ्य

१३१. **'गर्भवतीको हेरचाह'** गीत गाएर सुनाउनुहोस् र सहभागीहरुलाई समूह समूहमा गाउन लगाउनुहोस् । प्रश्नोत्तर गर्दै गीतको आशय माथि छलफल गर्नुहोस् ।



## गर्भवतीको हेरचाह

स्वस्थ बोटबाट नै स्वस्थ फल पाइन्छ,
स्वस्थ बच्चा जन्मन स्वस्थ आमा चाहिन्छ ।

उचित स्याहार सुसार अनि,
चार पटकको गर्भ जाँच,
शान्ति, आराम, माया अनि,
परिवारको नित्य साथ ।

पोषणयुक्त ताजा खाना,
भरपेट दिनहुँ पाउनु पर्छ
आइरन चक्की, स्वास्थ्य जाँचले
तिनको रक्तकमी टर्छ ।

गेडागुडी हरियो सागपात,
ताजा फलफूल खुवाऔं,
चुरोट सूर्तिको अमल भए,
अहिले नै छुटाऔं ।

पीर चिन्ता लाग्ने कुरा,
गर्भवतीले लिनु हुन्न,
त्यस्तो लाग्ने वातावरण,
परिवारले दिनु हुन्न ।

घरायसी हल्का काम,
नियमित गर्दा बिग्रँदैन,
गह्रौं भारी बोक्ने जस्ता
काम तिनले गर्नु हुन्न ।

कडा रक्तकमी भयो भने,
ज्यानमा खतरा आउन सक्छ,
लुरे ख्याउटे बच्चा जन्मी,
सँधैको चिन्ता बन्न सक्छ ।

खानामा आयोडिन युक्त नून,
गर्भवतीलाई नभई हुन्न,
खास कुराको विचार गरेमा,
रोग व्याधिले तिनलाई छुन्न ।

गर्भवतीलाई सँधैभरि हँसिलो खुशिलो राखौं,
स्वस्थ आमा स्वस्थ बच्चा सुखी परिवार पारौं ।

१३२. दिइएको निर्देशन अनुसार समूहमा अभ्यास गराउनुहोस् ।

## अभ्यास

साथीहरुसँग छलफल गरी तलका प्रश्नहरुको उत्तर लेखेर सुनाउनुहोस् ।

क) गर्भवतीको स्याहार गर्दा के के कुरामा ध्यान दिनुपर्छ ?

ख) गर्भवतीको स्याहारमा विचार पुऱ्याउन नसकेमा के हानि हुन्छ ?

ग) गर्भवतीलाई पिर चिन्ता पर्न नदिन परिवारका सदस्यले के के गर्नुपर्ला ?

घ) गर्भवतीलाई आइरन चक्की र आयोडिन भएको नून खान दिनाले के के फाइदा हुन्छ ?

ङ) कवितामा भने भन्दा बाहेक गर्भवतीको स्याहारमा थप ध्यान दिनुपर्ने कुराहरु के के छन् ?

१३३. पाठेघर खस्ने समस्याको अनुच्छेद तथा बुँदाहरु जोडीमा र व्यक्तिगत रुपमा पढ्न लगाउनुहोस् र पढेका कुराहरुमा छलफल गराउनुहोस् ।

## पाठेघर खस्ने वा आङ खस्ने समस्या

पाठेघर खस्ने समस्या धेरै महिलामा देखिएको पाइन्छ । यसलाई आङ खस्ने पनि भनिन्छ । हरेक महिलाले समय समयमा पाठेघर जाँच गराउनुपर्छ ।

पाठेघर खस्दा निम्न लक्षणहरु देखिन्छ :

- तल्लो पेट दुख्ने
- ढाड दुख्ने
- सेतो पानी बग्ने
- काम गर्न गाह्रो हुने
- दिसा पिसाब गर्न गाह्रो हुने
- केही अड्किएको, निस्किएको जस्तो हुने आदि ।

पाठेघर खस्ने वा आङ खस्ने कारणहरु यी हुन् :

- सानो उमेरमा बच्चा जन्माउनु
- सुत्केरी हुँदा स्वास्थ्यकर्मीको सहयोग नलिनु
- गर्भवती र सुत्केरीमा राम्रो स्याहार, पोसिलो खाना र आराम नपाउनु
- गर्भवती र सुत्केरीमा गह्रौं भारी उचाल्नु वा पेटमा बल पर्ने काम गर्नु
- कम जन्मान्तरमा धेरै बच्चा जन्माउनु
- गुप्ताङ्गको राम्ररी सरसफाइ नगर्नु आदि ।

१३४. सानो समूह वा जोडीमा छलफल गराई अभ्यासमा दिइएका प्रश्नहरुको उत्तर लेख्न लगाउनुहोस् ।

**अभ्यास**

१. पाठेघर खस्दा देखिने लक्षणहरु के के हुन् ?

२. आङ खस्ने समस्याको कारणहरु लेख्नुहोस् ।

१३५. सहभागीहरुलाई सानो समूहमा *'कोपिलाको दु:ख'* पढ्न लगाउनुहोस् । समूहको नेतालाई पाठको आशय भन्न लगाउनुहोस् । बाल विवाह गर्नाले स्वास्थ्यमा पर्ने असर बारे छलफल गरी बाल विवाह गर्नु हुँदैन भन्ने सन्देश दिनुहोस् र दिइएका बुँदाहरु पढ्न लगाउनुहोस् ।

# कोपिलाको दु:ख

१३ बर्षको उमेरमा
कोपिलाको विवाह भयो ।





२ बर्ष पछि
उनी एक छोराकी आमा बनिन्।

५ बर्ष पछि
सन्तान बढ्दै गयो,
शरीर घट्दै गयो ।





फेरि ७ बर्ष पछि
तेस्रो सन्तानको जन्म भयो ।
बिरामी भई धेरै दु:ख पायो ।

**कोपिलाको दु:खबाट हामी कुरा बुझौं**
**बाल बिवाह गर्नु हुन्न यो कुरा चाहिं सोचौं ।**

## बाल विवाहले स्वास्थ्यमा पर्ने असरहरु

- सानो उमेरमा शरीर पूरा विकसित भएको हुँदैन ।
- सानो उमेरमा बच्चा पाएमा आमाको स्वास्थ्यमा नराम्रो असर पर्छ ।
- सानो उमेरमा बच्चा जन्मिँदा आमा र बच्चा दुवैको लागि खतरा हुन सक्छ ।

## थाहा पाइ राखौं

- बाल विवाह कानूनी अपराध हो ।
- बाल बिवाह गराउनेलाई जेल सजाय र जरिवाना दुवै हुन सक्छ ।
- विवाहको लागि केटीको उमेर घटीमा १८ बर्ष र केटाको उमेर घटीमा २१ बर्षको हुनुपर्दछ ।

→◎ केही बोध प्रश्नहरु सोधेर सुरक्षित मातृत्व सम्बन्धी आधारभूत कुरा बुझे नबुझेको जाँच्नुहोस् ।

→◎ सबैलाई आ-आफ्नो कापीमा कम उमेरमा विवाह गर्न नहुने १/२ वटा कारण लेख्न लगाउनुहोस् र हेर्नुहोस् ।

→◎ आफ्नो गाउँ/टोलमा यो वर्ष र अघिल्लो वर्ष विवाह भएका दुलहा र दुलहीको उमेर कति कति रहेछ पत्ता लगाइ भोलिको कक्षामा सुनाउन लगाउनुहोस् ।

# ३२
# घटाऊ

१३६. ठोस वस्तु समेत प्रयोग गरी कालोपाटीमा उदाहरणको जस्तै घटाऊ हिसाब गरेर देखाउनुहोस् । १/२ जना सहभागीलाई पनि उक्त हिसाब कालोपाटीमा गराउनुहोस् र आ-आफ्नो कापीमा पनि गर्न लगाउनुहोस् । गर्न नसक्नेलाई सहयोग गर्नुहोस् ।

## घटाऊ गरेको हेर्नुहोस् ।



  ३
- २
―――
  १

३ - २ = १

  ७
- ५
―――
  २

७ - ५ = २

  ४७
- २३
―――
  २४

  १५९
- १०५
―――
   ५४

४७ - २३ = २४

१५९ - १०५ = ५४

१३७. सहभागीहरुलाई सानो समूह वा जोडीमा दिइएको हिसाब पहिला कापीमा र त्यसपछि पुस्तकमा पनि गर्न लगाउनुहोस् ।

## १. घटाऊ गर्नुहोस् ।

| | | |
|---|---|---|
| ९ | ५८ | १६४ |
| - ३ | - ४६ | -४१ |
| ______ | ______ | ______ |

| | | |
|---|---|---|
| १५८ | १७० | १८८ |
| - ९४ | - ९९ | - ७६ |
| ____ | ____ | ____ |
| ____ | ____ | ____ |

## २. हल गर्नुहोस् ।

क) जीवरामले ५४ वटा कुखुरा पालेका रहेछन् । जसमध्ये यसपाली ३४ वटा बिक्री गरेछन् भने कति वटा बाँकी रहन्छ ?

  ५४ वटा
- ३४ वटा
______

| ५४ - ३४ = ____ |
|---|

ख) रश्मीलाको करेसाबारीमा ६५ कोपी काउली फलेका रहेछन् । उनले १५ कोपी टिपिन् भने कति बाँकी रहन्छ ?

ग) सरितासँग १६६ रुपैंया छ । त्यसबाट उनले जम्मा ९० रुपैंया पर्ने चप्पल किनिन् । अब उनीसँग कति रुपैया बाँकी छ ?

# ३३
# हाम्रा रुपैंया (नोट)

१३८. किनबेच गर्दा, पैसा लिँदा, दिँदा राम्ररी रुपैंया चिनेर, गनेर लिनेदिने गर्नुपर्छ भन्ने कुरा बताउनुहोस् । रुपैंयाका चित्रहरु वा सम्भव भएमा वास्तविक सिक्का र नोटहरु देखाई त्यसमा भएका चित्र र त्यसमा लेखिएका अंक, दर पढ्न लगाउनुहोस् ।



एक रुपैंया



दुई रुपैंया




पाँच रुपैंया




दश रुपैंया




बीस रुपैंया




पचास रुपैंया




एक सय रुपैंया




पाँच सय रुपैंया




एक हजार रुपैंया

→◎ नोट र सिक्काहरु देखाइ कति दरका हुन् भनी भन्न लगाइ र त्यसमा भएका अंक र अक्षर पढ्न लगाउनुहोस् ।

# ३४
# घडी, समय

१३९. नाडी घडी वा भित्ते घडीको प्रयोग गरी चित्रमा जस्तै समय भन्न र लेख्न लगाउनुहोस् ।

## तलको घडी हेर्नुहोस्, घडीमा कति बजेको छ, अंकमा लेख्नुहोस् ।



| | | |
|---|---|---|
| 3:00 | 12:45 | |



| | | |
|---|---|---|
| | | |

→◎ वास्तविक घडी हेरेर कति बजे छ भन्न लगाएर जाँच्ने ।

# ३५
# क्याल्कुलेटर

१४०. क्याल्कुलेटरको उपयोगिताबारे छलफल गर्दै वास्तविक क्याल्कुलेटर प्रयोग गरी हिसाबहरु गर्ने तरिका सिकाउनुहोस् र सहभागीलाई पनि अभ्यास गराउनुहोस् । साथै लेखिएका कुराहरु पनि पढ्न लगाउनुहोस् ।




क्याल्कुलेटरको काम हिसाब गर्नु हो । यसमा जोड +, घटाऊ –, गुणन X तथा भाग ÷ को चिन्हहरु हुन्छन् । क्याल्कुलेटरमा 0 देखि 9 सम्मका अंकहरु हुन्छन् । क्याल्कुलेटरबाट जोड, घटाऊ, गुणन तथा भाग जस्ता साधारण हिसाबहरु गर्न सकिन्छ ।

→◎ सहभागीहरुलाई क्याल्कुलेटरको प्रयोग गरी सानोतिनो जोड, घटाऊ, गुणन, भागको अभ्यास गर्न लगाएर जाँच्नुहोस् ।

# ३६
# तिथि मिति

१४१. भित्ते पात्रोको प्रयोग गरी बैशाखदेखि १/२ गर्दै १२ सम्म गनी चैत्र महिनासम्म पुऱ्याउनुहोस् । तल दिइएको बाऱ्ह महिना र सँगैका अंकहरु पढ्न लगाउनुहोस् । जस्तैः मंसिर भनेको आठौं महिना हो, माघ दशौं महिना हो आदि ।

१४२. पहिला कापीमा र त्यसपछि पुस्तकको खाली कोठामा महिनाको नाम लेखाउनुहोस् । एक आपसका पुस्तक साटासाट गराई लेखेको जाँच्न लगाउनुहोस् ।

## १२ महिनाको नाम पढ्नुहोस् ।

| | |
|---|---|
| बैशाख (१) | जेठ (२) |
| असार (३) | साउन (४) |
| भदौ (५) | असोज (६) |
| कार्तिक (७) | मंसिर (८) |
| पुष (९) | माघ (१०) |
| फागुण (११) | चैत्र (१२) |




## महिनाको नाम लेख्नुहोस् ।

| | | | |
|---|---|---|---|
| बैशाख | | | |
| जेठ | | | |
| असार | | | |
| साउन | | | |

| | | | |
|---|---|---|---|
| भदौ | | | |
| असोज | | | |
| कार्तिक | | | |
| मंसिर | | | |
| पुष | | | |
| माघ | | | |
| फागुण | | | |
| चैत्र | | | |

१४३. भित्तेपात्रोको प्रयोग गरी आइतबार देखि १/२ गरी शनिबार सम्म ७ पुऱ्याउनुहोस् । तल दिइएका ७ बारको नाम र सँगैको अंक पढ्न लगाउनुहोस् ।

## ७ बारको नाम पढ्नुहोस् ।

आइतबार (१)
सोमबार (२)
मंगलबार (३)
बुधबार (४)
बिहिबार (५)
शुक्रबार (६)
शनिबार (७)

१४४. पहिला कापीमा र त्यसपछि तलको खाली कोठामा ७ बारको नाम लेखाउनुहोस् ।

## ७ बारको नाम लेख्नुहोस् ।

| | | | |
|---|---|---|---|
| आइतबार | | | |
| सोमबार | | | |
| मंगलबार | | | |
| बुधबार | | | |
| विहिबार | | | |
| शुक्रबार | | | |
| शनिबार | | | |

१४५. एक जनाको जन्म मिति लेखेर देखाई आ-आफ्नो जन्म मिति लेख्न लगाउनुहोस् ।

समिनाको जन्म मिति २०४५ साल जेष्ठ ५ गते बुधबार हो । उनले यसरी लेखिन् २०४५/२/५/४

**तपाईं पनि आफ्नो जन्म मिति लेख्नुहोस् ।**

..........साल.........महिना........गते.......बार

अथवा

२०........./....../....../......

→◎ लेखेको अवलोकन गरी जाँच्नुहोस् ।

# ३७
# बैंक, बचत र ऋण

१४६. चित्र छलफल गराउनुहोस् ।
१४७. अनुच्छेद पढेर सुनाउनुहोस् । सहभागीहरुलाई एक्लै र जोडीमा पढ्न लगाउनुहोस् । अनुच्छेदको आशयबारे छलफल गराउनुहोस् ।




मुना महिला बचत तथा ऋण समूहकी सदस्य हुन् । समूहका सबै सदस्यहरुले मासिक रु. १००।- बचत गर्छन् ।

समूहले बचत गरेको रुपैंया बैंकमा खाता खोली जम्मा गरेको छ । आवश्यक परेको बेला समूहले सदस्यहरुलाई कम व्याजमा ऋण दिने गरेको छ । बैंकमा रुपैंया जम्मा गर्न भौचर भर्नुपर्छ ।

बैंकबाट पैसा झिक्न चेक चाहिन्छ । बैंकमा पैसा राख्दा सुरक्षित हुन्छ । त्यसैले समूह ढुक्क छ ।

१४८. पुस्तकमा दिइएको शब्द र वाक्य लेखाउनुहोस् ।

| | | | |
|---|---|---|---|
| वचत | | | |
| बैंक | | | |
| ऋण | | | |
| खाता | | | |
| भौचर | | | |
| पैसा | | | |
| समूह | | | |
| व्याज | | | |

बैंकमा पैसा राख्दा सुरक्षित हुन्छ ।

१४९. सहभागीहरुमध्ये कसैले बैंकमा पैसा राख्नु भएको छ भनेर सोधी बैंकमा खाता खोलेका एक दुई जना सहभागीलाई आफूले प्रयोग गरेको भौचर र चेक बारे भन्न लगाउनुहोस् ।

१५०. समूहको खाताका साथै व्यक्तिगत खाता पनि खोल्न सकिने कुरा बताउँदै सहभागीहरुलाई दिइएका नमूना अनुसार भौचर भर्न सिकाउनुहोस् ।
बैंकको चेकको नमुना खोजेर भरेर देखाउनुहोस् ।



नेपाल बैंक लिमिटेड
शाखा/Branch
जम्मा भौचर/DEPOSIT SLIP
चल्ती Current | बचत Saving | मुद्धती Fixed | अन्य Others
मिति Date: २०६० - ५ - २३
खातावालाको नाम Account Holder's Name: ललिता देवी यादव
खाता नं Account No: ०१३४१००३१३६८
ठेगाना Address: पतिव्या - २
नगद (Cash) | चेक/ड्राफ्ट (Cheque/Draft)
रकम अङ्कमा Amount in Figures: ६,०००/-
रकम अक्षरमा Amount in words:- सात हजार रुपैंया मात्र ।

| चेक/ड्राफ्ट नं. Cheque/Draft No. | खिच्ने बैंकको नाम र शाखा Drawee Bank – Branch | रकम Amount | नगद विवरण Cash Denomination | टेलर/Teller |
| --- | --- | --- | --- | --- |
| | | | 1000X ६ = ६,०००/- | |
| | | | 500X = | |
| | | | 100X = | |
| | | | 50X = | |
| | | | 20X = | |
| | | | 10X = | |
| | | | 5X = | |
| | जम्मा/Total | | | |

रकमको श्रोत (रु. दश लाख भन्दा माथिको लागि) Source of Funds (For deposit above Rs. 1 Million Only):
जम्मा/Total: ६,०००/-
फिर्ता /Refund
कुल जम्मा Grand Total
जम्मा गर्ने / Deposited by: सुनिता लामा
फोन/मोबाईल नं./Phone/Mobile: ५५३४४९६
बुझिलिने/Received by
नोटः नगद वा चेक/ड्राफ्ट जम्मा गर्दा खातावालाको नाम वा खाता नम्बर फरक परेमा बैंक जवाफदेही हुने छैन ।
Note: Bank will not be held responsible if deposited otherwise, because of incorrect name and / or account number.



No. A/A 65509472
मिति Date: २०६० - ५ - २६
नाम Name: गीता श्रेष्ठ
काम For: आय आर्जन
अघिल्लो मौज्दात Balance B/F
रु. Rs. 90,000/-
बाँकी Balance

नेपाल बैंक लिमिटेड
स्थापित १९९४
NEPAL BANK LIMITED
ESTD. 1937
LALITPUR शाखा (Branch)
No. A/A 65509472
मिति Date: २०६० - ५ - २६
श्री PAY: गीता श्रेष्ठ
वा यो लिई आउने लाई तल लेखिए बमोजिमको रकम भुक्तानी दिनुहोला OR BEARER
रकम (अक्षरमा) AMOUNT (in words): दश हजार रुपैंया मात्र ।
रकम (अङ्कमा) Amount (in figures): 90,000/-
BISHNU NEPALI
0244-1-0134634
Savings Account NRS
गीता/ गीता/

→◎ सहभागीहरुलाई भौचर र चेक भर्न लगाएर जाँच्नुहोस् ।

# ३८
# योजना

१५१. सानो समूह वा जोडीमा दिइएको अनुच्छेद तथा बुँदाहरु पढ्न लगाई बुझेका कुराहरुका बारेमा छलफल गराउनुहोस् ।

हामीले आफूले गर्न सक्ने आम्दानी बढाउने काम गर्नुपर्दछ । जस्तो :




- तरकारी खेती
- कुखुरा पालन
- च्याउ खेती
- सिलाइ बुनाइ
- सानोतिनो पसल राख्ने आदि ।

यस्ता साना व्यवसायबाट पनि आम्दानी गर्न सकिन्छ । यस्ता व्यवसाय गर्न सबैभन्दा पहिला योजना बनाउनुपर्छ । योजनाले काम सफल बनाउन मद्दत पुग्छ । योजना बनाउँदा यस्ता कुराहरु विचार गर्नुपर्दछ ।

- के काम गर्ने ?
- सो काम गर्न चाहिने सीप आफूसँग छ छैन ?
- छैन भने कहाँबाट सीप हासिल गर्ने ?

- काम गर्न के कस्तो ठाउँ, सामान चाहिन्छ ?
- खर्च के के मा कति चाहिएला ?
- लगानी गर्न चाहिने रुपैंया कहाँबाट ल्याउने ?
- उत्पादन गरेको सामान कहाँ बेच्ने ?
- गर्न खोजेको कामबाट आम्दानी कति होला ?
- कति नाफा होला ? आदि

तल दिइएको दुर्गाको च्याउ खेती गर्ने योजनाको नमूना पढौं र समूहमा बसी कुनै आम्दानी हुने कामको योजना बनाऔं ।

**च्याउ खेती**



दुर्गाले १/२ ठाउँमा गोब्रे च्याउ खेती गरेको देखिन् । उनलाई पनि च्याउ खेती गर्न मन लाग्यो । च्याउ खेती गर्ने तरिका पनि सिकिन् । त्यो सजिलो, घरमै गर्न सकिने र धेरै पैसा पनि नलाग्ने कुरा बुझ्किन् । परिवारको लागि खान पनि राम्रो हुने साथै बजार नजिक भएकोले बेच्न पनि

सकिने देखिन् । त्यसैले उनले च्याउ खेती गर्ने योजना यसरी बनाइन् ।

व्यवसायको नाम : गोब्रे च्याउ खेती
व्यवसाय गर्ने ठाउँ : आफ्नै घरको छिंडी
बिक्रि गर्ने ठाउँ : नजिकको बजार
उत्पादन कति : शुरुमा १० किलो गोब्रे च्याउ
बिउको व्यवस्था : कृषि सेवा केन्द्रबाट लिने
पैसाको व्यवस्था : आफ्नै वचत रकम
बजेट अनुमान :

| आम्दानी | रकम | खर्च | रकम |
|---|---|---|---|
| च्याउ बिक्रिबाट आम्दानी | १५००।- | च्याउको बिउ | ३००।- |
| | | पराल | ५०।- |
| | | दाउरा, मट्टितेल | १००।- |
| | | युरिया मल | ५०।- |
| | | ज्याला | ३००।- |
| | | अन्य | ५०।- |
| जम्मा आम्दानी | १५००।- | जम्मा खर्च | ८५०।- |
| | | नाफा | ६५०।- |
| | | जम्मा | १५००।- |

१५२. पाएसम्म वास्तविक मूल्यसूची ल्याएर कक्षामा देखाउनुहोस् र कुन सामानको मूल्य कति पर्दोरहेछ त्यस बारेमा भन्न लगाउनुहोस् । त्यसपछि अभ्यासमा दिइएको निर्देशन अनुसार मूल्य सूची बनाई साथीहरुलाई देखाउन लगाउनुहोस् ।

# मूल्यसूची

## सिर्जना किराना पसलमा टाँसिएको मूल्य सूची नमूना

| क्र सं. | विवरण | संख्या | मूल्य | कैफियत |
|---|---|---|---|---|
| १. | मसिना चामल | १ किलो | ८०।- | |
| २. | रहरको दाल | १ किलो | १२०।- | |
| ३. | आलु | १ किलो | ४०।– | |
| ४. | सोयाबिन तेल | १ लिटर | १४०।- | |
| ५. | नून | १ पाकेट | १५।- | |

**अभ्यास**

हालसालै तपाईंले बजारबाट किनेका सामानहरु के के छन्, कति कति रुपैंया परेको थियो, सोको मूल्यसूची बनाउनुहोस् ।

# ३९

# अंग्रेजी शब्दहरू पढ्ने

१५३. सहभागीहरुलाई तल दिइएको चित्र अनुसार अँग्रेजी शब्दहरु पढ्न लगाउनुहोस् र यसको अर्थबारे छलफल गराउनुहोस् ।

Female  Male



Grandfather Grandmother

 

Mother Father Brother Baby Sister




School



Doctor



Nurse



Computer



Newspaper

१५४. स्वयंसेवकले थप यस्तै चलन चल्तीका शब्दहरु बारे बताउनुहोस् ।

# व्यक्तिगत विवरण

१५५. सहभागीहरुलाई आ-आफ्नो व्यक्तिगत विवरण भर्न लगाउनुहोस् ।

पूरा नाम ............................................

जन्म मिति .................महिला/पुरुष ............

बाबुको नाम.................................

आमाको नाम................................

बाजेको नाम ................................

श्रीमान्/ श्रीमतीको नाम ..............................

ठेगानाः गाउँको नाम ....................वडा ..........

न.पा./गा.वि.स..................................

जिल्ला.................  अञ्चल ................

मुख्य पेशा .......................................

बोल्ने भाषा......................................

मातृभाषा.......................................

नागरिकता नम्बर ..............................

सम्पर्क नम्बर ..................................

# स्वयंसेवकको लागि शिक्षण सामाग्री


| क्र. सं. | विषय | पाना नं. |
|---|---|---|
| १ | साक्षर नेपाल अभियान | I |
| २ | अनौपचारिक शिक्षा कार्यक्रम | II |
| ३ | औपचारिक र अनौपचारिक शिक्षाको भिन्नता | II |
| ४ | प्रौढ सहभागीहरुको मनोविज्ञान | III |
| ५ | शिक्षणका चरणहरु | III |
| ६ | स्वयंसेवकमा हुनुपर्ने सीपहरु | V |
| ७ | स्वयंसेवकको भूमिका | V |
| ८ | कक्षाको समय व्यवस्थापन | VI |
| ९ | सिकाइ उपलब्धि र सो सँग सम्बन्धित पाठहरु | VII |
| १० | पाठ्यपुस्तक विश्लेषण | VII |
| ११ | स्वयंसेवक तालिम कार्यक्रम | XVIII |
| १२ | कार्यक्रमको सहभागीको व्यक्तिगत मूल्याङ्कन विवरण | XX |

# स्वयंसेवकको लागि शिक्षण सामाग्री

**साक्षर नेपाल अभियान (Literate Nepal Mission (LINEM))**
नेपाल सरकारले सन् २०१५ भित्र नेपालबाट निरक्षरता उन्मूलन गर्ने गरी सबैलाई साक्षर गर्न **साक्षर नेपाल अभियान (Literate Nepal Mission 2012-2015)** लागु गरेको छ । साक्षरता कार्यक्रमलाई अनौपचारिक शिक्षा कार्यक्रमको रुपमा लिइएको छ ।

## साक्षर नेपाल अभियान कार्यक्रमले निर्धारण गरेको सिकाइका मापदण्ड

साक्षर नेपाल अभियानले साक्षरतालाई यसरी परिभाषित गरेको छ :

- आफ्नो मातृभाषा वा राष्ट्रिय भाषामा लेखिएका दैनिक जीवनसँग सम्बन्धित छोटा र साधारण वाक्यहरु बुझेर लेखपढ गर्न सक्ने । बुझेका कुरा एक आपसमा राम्ररी सम्प्रेषण गर्न सक्ने तथा साधारण हरहिसाब गर्न सक्ने व्यक्तिलाई साक्षर भनिने छ ।
- साक्षरता मापन गर्ने १२ ओटा पक्ष निम्नानुसार तय गरिएको छ :

**मापन पक्ष**

१. राष्ट्रभाषा वा मातृभाषाका वर्ण/अक्षरको पढाइ र लेखाइ

२. नेपाली वा मातृभाषामा लेखिएका मूल्यसूची र बीलको पढाइ

३. आफ्नो र परिवारका सदस्यको नाम, उमेर लेखाइ र पढाइ

४. मोबाइल र क्यालकुलेटरका अङ्क र अक्षर चिनेर प्रयोग गर्न

५. ० देखि ९ सम्मका अङ्क अक्षर लेखाइ

६. १ देखि १०० सम्म गणना

७. लेनदेनका हरहिसाव रखाइ

८. सरल चित्र, पोष्टर, साइनबोर्ड र ट्राफिक सङ्केत पढाइ र बुझाइ

९. सामुदायिक कार्यक्रममा आफ्नो विचार सहित सक्रिय सहभागिता देखाउन

१०. घडी हेरेर समय बताउन

११. भित्तेपात्रो हेरी तिथिमिति बताउन

१२. बैंक भौचर भराइ र चेक खिचाइ

## अनौपचारिक शिक्षा कार्यक्रम

विभिन्न कारणले विद्यालय शिक्षाबाट वञ्चित केटाकेटी, युवा युवती तथा प्रौढहरुलाई विद्यालयको संरचना भन्दा बाहिर दिइने शिक्षालाई अनौपचारिक शिक्षा भनिन्छ । नेपालमा अनौपचारिक शिक्षाका कार्यक्रमहरु निम्न प्रकारका छन् :

- साक्षरता कार्यक्रम
- प्रौढ शिक्षा
- साक्षरोत्तर शिक्षा
- महिला शिक्षा
- बैकल्पिक विद्यालय कार्यक्रम
- अनौपचारिक प्रौढ विद्यालय
- आयआर्जन कार्यक्रम
- खुला नि.मा.वि. कार्यक्रम
- सामुदायिक अध्ययन केन्द्र सञ्चालन

यी अनौपचारिक शिक्षा कार्यक्रमहरु सहभागीहरुको उपयुक्त समयमा र पायक पर्ने ठाउँमा संचालन गरिन्छ । यी कार्यक्रमहरुमा अनौपचारिक शिक्षण विधिहरुबाट सिकाइन्छ ।

## औपचारिक शिक्षा र अनौपचारिक शिक्षाका केही भिन्नताहरु

| पक्षहरु | औपचारिक शिक्षा | अनौपचारिक शिक्षा |
|---|---|---|
| **१. उद्देश्य** | जीवनमा पछि काम लाग्ने ज्ञान सीप हासिल गर्ने | तत्कालै काम लाग्ने ज्ञान सीप हासिल गर्ने |
| **२. समयावधि** | लामो अवधिसम्म शिक्षण संस्थामा बिताउनु पर्ने | छोटो अवधिको र सुविधा अनुसारको समयमा शिक्षा दिइने |
| **३. शिक्षण विधि** | संस्थागत तर शिक्षकले विद्यार्थीहरुलाई निर्देशन दिने खालको | लचिलो, सहभागी सुहाउँदो, सहभागितात्मक स्वाध्यायनमा जोड दिइने |
| **४. पाठ्यक्रम** | प्राज्ञिक प्रकारको (जान्नु, थाहा पाउनुसँग सम्बन्धी) | सहभागीहरुको आवश्यकता सुहाउँदो र कार्यमूलक |
| **५. नियन्त्रण** | माथिबाट तल निर्देशित | आत्म निर्देशित र समय सुहाउँदो लचिलो |

## प्रौढ सहभागीहरुको मनोविज्ञान

साक्षरता कार्यक्रम विषेशगरी निरक्षर वा अर्धसाक्षर प्रौढहरुका लागि भएकाले यसमा प्रौढ मनोविज्ञान अथवा प्रौढहरुले कसरी सिक्छन् भन्ने कुरामा विशेष ध्यान दिनुपर्छ । खास ध्यान दिनुपर्ने केही कुराहरु यसप्रकार छन् :-

**१. आफूप्रतिको धारणा**

मनोवैज्ञानिक रुपले प्रौढहरु आत्म-निर्देशित हुन्छन् । अर्थात् आफ्नो लागि चाहिने काम आफै गर्न पाए खुशी हुन्छन् । उनीहरु आफूलाई परिपक्व भएको ठान्छन् । उनीहरुको आत्मसम्मानमा ठेस पुग्ने गरी केटाकेटीसँग जस्तै कुरा गर्ने या व्यवहार गर्ने हो भने उनीहरु चित्त बुझाउँदैनन् ।

**२. अनुभव**

प्रौढहरु अनुभवका धनी हुन्छन् । उनीहरुको अनुभवलाई सिकाइको मूल्यवान स्रोतका रुपमा लिन सकिन्छ । त्यसैले प्रौढ कक्षामा प्रयोगात्मक, दोहोरो तथा बहु-निर्देशात्मक तरिकाहरु प्रयोग गर्नुपर्छ । जस्तै समूह छलफल, अभिनय, भूमिका प्रदर्शन, समूह कार्य, सीपको प्रयोगात्मक अभ्यास आदि । यसप्रकार सबै सहभागी प्रौढहरुको अनुभवलाई कक्षामा प्रयोग गरेमा सिकाइका स्रोतहरुमा वृद्धि भइ सिकाइ अर्थपूर्ण हुन्छ ।

**३. सिकाइका विषयवस्तु छनौट**

प्रौढ सहभागीहरुले आफ्नो सामाजिक र आर्थिक अवस्थाको आधारमा के कुरा सिक्न आवश्यक छ त्यो आफै निधो गर्न सक्छन् ।

**४. समय र सिकाइ प्रक्रियाको परिचय**

प्रौढ सिकाइ भनेको समस्याको पहिचान र समस्याको समाधान गर्न हामी कहाँ छौं र कहाँ जान चाहन्छौं भन्ने कुराको खोजी गर्ने एउटा प्रक्रिया हो । त्यसैले प्रौढ कक्षामा विषय केन्द्रित सिकाइ नभई समस्या केन्द्रित सिकाइ हुनु पर्छ । उनीहरुलाई मिल्दो समयमा कक्षा सञ्चालन गरेमा उनीहरु बढी सक्रिय हुन्छन् ।

**प्रौढहरु निम्न अवस्थामा राम्ररी सिक्न सक्छन् :-**

- आत्म-निर्देशित भई सिक्ने अवसर पाएमा ।
- उचित आदर सम्मान दिइ सिकाएमा ।
- आफ्नो अनुभवको कदर भएमा ।
- सिक्न लागेको विषयवस्तु काम लाग्ने छ भनी महसूस गरेमा ।
- सिक्ने वातावरण उपयुक्त भएमा ।
- आफ्नो चेतनाको प्रयोग गर्ने मौका पाएमा ।
- विचारको आदान प्रदान गरी सिक्ने अवसर भएमा आदि ।

## शिक्षणका चरणहरु

साक्षरता पुस्तक शिक्षणका चरणहरु निम्नानुसार छन् :

१. छलफल (कुनै विषय वा चित्र)

☞ स-साना समूहमा विभाजन गरी विषय/चित्रमाथि छलफल गर्न लगाउने

☞ समूहको नेता छनौट र नेताबाट बयान गराउने
☞ प्रश्नहरु सोधी छलफल गरेर सन्देशहरु स्पष्ट पार्ने ।
(१ ले १ जनालाई पढाउने अवस्थामा स्वयंसेवक र सहभागीका बीचमा छलफल गर्ने)

२. पढाइ
☞ स्वयंसेवकले अक्षर/शव्द औंल्याउँदै उच्चारण गर्ने
☞ व्यक्तिगत रुपमा पढ्न लगाउने
☞ जोडीमा/समूहमा पढ्न लगाउने
☞ समूह नेताबाट पढ्न लगाई अरुलाई पनि सँगसँगै पढ्न लगाउने
☞ शब्द, वाक्य, अनुच्छेद आदि पाठ्यवस्तु आफूले पढेर सुनाई अर्थ स्पष्ट पारि दिने

३. लेखाइ
☞ अक्षर बन्ने आकारहरुको प्रयोग गरी कालोपाटी वा ठूलो कागजमा लेखेर देखाउने
☞ कापीमा लेख्न लगाउने
☞ पुस्तकमा पनि लेख्न लगाउने
☞ आवश्यकता अनुसार लेख्न सघाउने
☞ लेखेको नमिलेमा सच्याइ दिने
(२/४ जना सहभागी मात्र भएको कक्षामा लेख्न सिकाउँदा कालोपाटी नहुन सक्छ, त्यस्तो अवस्थामा कापी वा साधा कागजमा नै लेखेर सिकाउन सकिन्छ)

४. अभ्यास
☞ जोडीमा छलफल गर्न लगाउने
☞ प्रत्येकलाई कापीमा लेख्न लगाउने
☞ पुस्तकको खाली कोठामा पनि लेख्न लगाउने
☞ पढेर सुनाउन लगाउने
☞ बेठीक भए सच्याइ दिने

५. गणित
☞ कालोपाटीमा गरेर देखाउने
☞ जोडीमा/समूहमा हिसाब गर्न लगाउने
☞ गरेको हिसाबको उत्तर सुनाउन लगाउने
☞ अन्य उस्तै हिसाबहरु अभ्यास गराउने
☞ हिसाब गरेको उत्तर जाँची बेठीक भए सच्याउन मद्दत गर्ने

६. मूल्यांकन
☞ सहभागीहरुलाई पाठसँग सम्बन्धित प्रश्नहरु सोधी जाँच्ने ।
☞ पाठमा गराइएका क्रियाकलाप तथा अभ्यासहरु गराएर हेर्ने ।

यी पाठका चरणहरु अपनाई शिक्षण गर्दा पाठको उद्देश्य हासिल गर्न सघाउ पुग्दछ । ती सबै क्रियाकलापहरु उदाहरण मात्र हुन् । स्वयंसेवकले सिकाउन सजिलो ठानेका अन्य तरिकाहरु छन् भने प्रयोगमा ल्याउन सकिन्छ ।

साक्षरता कक्षामा सबै सहभागीहरुलाई बढी सक्रिय बनाउन उनीहरुलाई आफ्नो भावना, अनुभव, विचार व्यक्त गर्न मौका दिनुपर्दछ । सहभागी केन्द्रित गरी स्वयंसेवकले आफ्नो भूमिका निभाउनु पर्दछ । स्वयंसेवकमा हुनुपर्ने केही सीपहरु तल दिइएको छ ।

**स्वयंसेवकमा हुनुपर्ने सीपहरु**

कक्षा प्रभावकारी रुपले संचालन गर्नका लागि स्वयंसेवकमा निम्न सीपहरु हुनुपर्दछ जसले सहजीकरणमा ठूलो सहयोग पुग्दछ ।

**१. सामीप्यता जगाउने सीप (Attending Skills)**
- ध्यानाकर्षण गराउने, नजीक हुने, सकारात्मक भावना जगाउने ।

**२. अवलोकन सीप (Observation Skills)**
- बसाइ व्यवस्था, सहभागीहरुको अनुहार हेरी मनोभाव बुझ्ने ।

**३. सुनाइ सीप (Listening Sklls)**
- ध्यान दिएर सुन्ने, सहभागीहरुको प्रश्न, प्रतिक्रिया, जिज्ञासा आदि उत्सुक भई सुन्ने ।

**४. प्रश्न गर्ने सीप (Questioning Skills)**
- सरल भाषामा, छोटो र सजिलै जवाफ दिन सक्ने खालका वर्णनात्मक प्रश्नहरु सोध्ने, जवाफ दिन नसके पनि प्रयासको लागि धन्यवाद दिने ।

**५. जवाफ दिने सीप (Answering Skills)**
- सहभागीले सोधेका प्रश्नको जवाफ सरल भाषामा दिने, प्रश्न सोध्नेलाई प्रोत्साहन दिने, यस्तो प्रश्न पनि सोध्ने हो भनेर खिसी नगर्ने ।

**स्वयंसेवकको भूमिका**

साक्षरता कार्यक्रममा स्वयंसेवकले पढाउने काम मात्र गरेर पुग्दैन । उनीहरुबाट व्यवस्थापन र पठनपाठन सम्बन्धी निम्न लिखित कार्यहरु पनि गर्नुपर्ने हुन्छ ।

| व्यवस्थापन सम्बन्धी कामहरु | पठनपाठन सम्बन्धी कामहरु |
|---|---|
| ▪ जनसहभागिता जुटाउने,<br>▪ कार्यक्रमको प्रचार प्रसार गर्ने,<br>▪ सहभागीहरुको छनौट गर्ने,<br>▪ सामग्री वितरण गर्ने,<br>▪ पढाउने ठाउँको छनौट गर्ने, | ▪ दैनिक नियमित रुपमा कक्षा संचालन गर्ने,<br>▪ तालिममा सिकाएका विधि र तरिकाहरु प्रयोग गरेर कक्षा संचालन गर्ने,<br>▪ निर्धारित पुस्तकहरु प्रयोग गर्ने,<br>▪ सहभागीहरुलाई बढी सक्रिय बनाइ पठन पाठन गराउने,<br>▪ उपलब्ध गराइएका सामग्रीको प्रयोग गरेर पठनपाठन गराउने,<br>▪ पठनपाठन कार्यमा सहयोग पुग्ने विभिन्न |

| व्यवस्थापन सम्बन्धी कामहरु | पठनपाठन सम्बन्धी कामहरु |
|---|---|
| ■ सहभागीहरुको उपस्थिति नियमित गराउने,<br>■ समयमा कक्षा खोल्ने र बन्द गर्ने,<br>■ तोकिएको समयमा कक्षा संचालन गर्ने,<br>■ दैनिक उपस्थितिको अभिलेख राख्ने,<br>■ स्थानीय स्रोत व्यक्तिहरुलाई कक्षामा बोलाउने,<br>■ कक्षामा आइपरेको कठिनाइ समाधान गर्ने,<br>■ कक्षा संचालनको प्रतिवेदन दिने, आदि । | निकायबाट उपलब्ध हुन सक्ने शैक्षिक सामग्री संकलन र प्रयोग गर्ने,<br>■ सहभागीहरुको रुचि र स्थानीय आवश्यकताको आधारमा सहभागीहरुसँगै छलफल गरी स्थानीय पाठ्यक्रम, पाठ्यवस्तु छनौट गरी पठनपाठन गराउने,<br>■ उक्त कार्यको लागि स्थानीय तहमा स्वास्थ्य केन्द्र, कृषि केन्द्रका स्रोत व्यक्तिहरु तथा शिक्षकहरुको सहयोगमा थप कक्षा संचालन तथा अन्तरक्रिया गर्ने,<br>■ पठनपाठन सम्बन्धी कुनै समस्या आइपरे सम्बन्धित निरीक्षकहरुसंग समाधानको बाटो पहिल्याई माग्ने,<br>■ समय समयमा सहभागीहरुको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने,<br>■ शैक्षिक अभिलेख राख्ने,<br>■ सहभागीहरुको सिकाइ उपलब्धि पत्ता लगाउन व्यक्तिगत पुस्तक/कापी बराबर जाँच गरी राय सुझाव दिने, आदि । |

## कक्षाको समय व्यवस्थापन

मेरो साक्षरता पुस्तकका सबै पाठहरु शिक्षण गर्न जम्मा ३ महिनाको समय तोकिएको छ । हप्ताको ६ दिन दैनिक २ घण्टाको दरले ३ महिना भित्र जम्मा १५० घण्टा पठनपाठन गर्नु पर्नेछ । सिक्ने र सिकाउने बीचको सहमति र अनुकूलतामा तीन महिनाभन्दा बढी अवधिसम्म पनि कक्षा सञ्चालन गर्ने व्यवस्था गर्न सकिने छ । समयमै साक्षरता कक्षा सम्पन्न गर्न दैनिक २ घण्टाको समय निम्नानुसार विभाजन गरी शिक्षण सिकाइ क्रियाकलापहरु गराउनु उपयुक्त हुन्छ ।

दैनिक २ घण्टाको मोटामोटी पाठ्यभारः

| | | |
|---|---|---|
| १. | भलाकुसारी र हाजिर | ५ मिनेट |
| २. | पुनरावलोक, कक्षा व्यवस्थापन र बसाइको व्यवस्था | १० मिनेट |
| ३. | सहयोगी कार्यकर्ताको प्रस्तुती | २५ मिनेट |
| ४. | सहभागीहरुको क्रियाकलाप | ६० मिनेट |
| ५. | जाँच्ने क्रियाकलाप र निष्कर्ष | २० मिनेट |

उल्लेखित समयमा आवश्यकतानुसार हेरफेर गर्न सकिन्छ ।

सिकाइ उपलब्धि र सो सँग सम्बन्धित पाठहरु

| क.सं. | साक्षरताको मापदण्ड | पाठ क्रम संख्या | मापदण्ड अनुसार समेट्न सक्ने पाठहरु |
|---|---|---|---|
| १. | राष्ट्रभाषा वा मातृ भाषाका वर्ण/अक्षर पढ्न र लेख्न सक्ने | ७ | नेपाली भाषाको अक्षर (वर्ण) चिन्ने |
| २. | नेपाली वा मातृ भाषामा लेखिएको मूल्य सूची र बीलको पढाई | ३८ | योजना |
| ३. | आफ्नो र परिवारको सदस्यको नाम, उमेर लेखाइ र पढाइ | ३८ | योजना |
| ४. | मोबाइल र क्यालकुलेटरका अङ्क र अक्षर चिनेर प्रयोग गर्ने | २४, ३५ | सूचना संचार, क्याल्कुलेटर |
| ५. | ० देखि ९ सम्मका अंक अक्षर लेखाइ | १७ | १ देखि १० सम्मको अंक |
| ६. | १ देखि १०० सम्म गणना | २६, २८ | शून्य र ११ देखि २० अंक पढ्ने र लेख्ने<br>१ देखि १०० सम्मको अंक चिन्ने |
| ७. | लेनदेनका हरहिसाव रखाई | ३८ | योजना |
| ८. | सरल चित्र, पोष्टर र साइनबोर्ड र ट्राफिक संकेत पढाई र बुझाई | ५ | विभिन्न संकेत चिन्हहरु |
| ९. | सामुदायिक कार्यक्रममा आफ्नो विचार सहित सक्रिय सहभागिता देखाउन | ९ | हाम्रो समुदाय |
| १०. | घडी हेरेर समय बताउन | ३४ | घडी, समय |
| ११. | भित्तेपात्तो हेरी तिथिमिति बताउन | ३६ | तिथि मिति |
| १२. | बैंक भौचर भराई  र चेक खिचाइ | ३७ | बैंक, वचत र ऋण |

## पाठ्यपुस्तक विश्लेषण

मेरो साक्षरता पुस्तक पठनपाठन गर्न पाठको क्रमसंख्या, शीर्षक, पाठले सिकाउन खोजेको कुरा, शिक्षण सिकाइ क्रियाकलाप, शिक्षण विधि, आवश्यक सामग्री, अनुमानित समय आदि सहितको पाठ्यपुस्तक विश्लेषण खाका तल दिइएको छ ।

## मेरो साक्षरता पुस्तक - पाठ्यपुस्तक विश्लेषण

| पाठ संख्या | पाठ शीर्षक | पाठले सिकाउन खोजेको कुरा | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण चरण/विधि | प्रयोग गरिने सामाग्री | अनुमानित समय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | घण्टा | दिन | दिनांक |
| १ | साक्षरता कक्षामा स्वागत | – सहभागी बीच आपसी परिचय<br>– साक्षरता कक्षाको परिचय र कक्षाबाट सिकिने कुराहरु<br>– कक्षा सम्बन्धी नीति नियम | – व्यक्तिगत परिचय आदान प्रदान<br>– गीत गायन<br>– साक्षरता कक्षा सम्बन्धी छलफल<br>– कक्षाको लागि नीति नियम बारे जानकारी तथा छलफल | – छलफल | – पुस्तक<br>– कपी<br>– कलम<br>– कालोपाटी<br>– न्यूजप्रिन्ट<br>– साइन पेन<br>– नाम कार्ड | २ | १ | १ |
| २ | आफ्नो नाम पढ्ने र लेख्ने | – आफ्नो अगाडीको नाम चिनेर पढ्न र लेख्न | – आ-आफ्नो नाम आफैं लेख्ने (लेखाइ अभ्यास) | – पढाइ<br>– लेखाइ<br>– अभ्यास | – कापि<br>– सिसाकलम<br>– न्यूजप्रिन्ट कागज/बोर्ड | ४ | २ | ३ |
| ३ | आफ्नो समस्या पत्ता लगाउने | – समस्याहरुको पहिचान तथा ती समस्या समाधानका उपायहरुको खोजी | – सहभागीहरुको समस्याहरुको पहिचान<br>– समस्याका कारणबारे छलफल<br>– समस्या समाधानका उपायहरु माथि छलफल | – प्रश्नोत्तर<br>– छलफल<br>– चित्र छलफल | – न्यूजप्रिन्ट/कलम | २ | १ | ४ |

| पाठ संख्या | पाठ शीर्षक | पाठले सिकाउन खोजेको कुरा | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण चरण/विधि | प्रयोग गरिने सामाग्री | अनुमानित समय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | घण्टा | दिन | दिनांक |
| ४ | आफ्नो पूरा नाम पढ्ने र लेख्ने | – आफ्नो पूरा नाम चिनेर पढ्न र लेख्न | – आ-आफ्नो पूरा नाम आफैं लेख्ने (लेखाइ अभ्यास) | – पढाइ<br>– लेखाइ<br>– अभ्यास | – न्यूजप्रिन्ट/कलम | २ | १ | ५ |
| ५ | विभिन्न संकेत चिन्हहरु | – विभिन्न संकेत चिन्हहरु चिनेर त्यसको अनुसरण गर्न | – विभिन्न संकेत चिन्हहरु र त्यसको सन्देश बारे छलफल<br>– थप संकेतहरुबारे जानकारी आदान प्रदान | – छलफल | – संकेत चिन्हका चित्रहरु | २ | १ | ६ |
| ६ | प्रतिभा प्रस्तुती | – सहभागीसँग भएको प्रतिभा प्रस्फुटन तथा रोचक तरिकाले कक्षा संचालन | – सहभागीसँग भएको प्रतिभाको पहिचान गरी हौसला दिइ प्रस्तुती गर्न लगाउने | – | | २ | १ | ७ |
| ७ | नेपाली भाषाको अक्षर (वर्ण) चिन्ने | – नेपाली भाषाको अक्षर ( व्यञ्जन वर्ण ***क*** देखि ***ज्ञ*** सम्म) चिनेर पढ्न र लेख्न<br>– ती अक्षरबाट आउने शब्दहरु पढाइ र लेखाइ | – व्यञ्जन वर्णको अक्षरबाट आउने शब्द/ चित्रबाट अक्षर चिन्ने र पढ्ने अभ्यास<br>– चिनेका अक्षरहरुको लेखाइ अभ्यास<br>(१ दिनमा ५ देखि १० अक्षर सम्म) | – पढाइ<br>– लेखाइ<br>– अभ्यास<br>– जाँच्ने | – ***क*** देखि ***ज्ञ*** सम्मका अक्षर पत्ती<br>– पुस्तक<br>– कापी<br>– सिसाकलम | १४ | ७ | १४ |

| पाठ संख्या | पाठ शीर्षक | पाठले सिकाउन खोजेको कुरा | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण चरण/विधि | प्रयोग गरिने सामाग्री | अनुमानित समय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | घण्टा | दिन | दिनांक |
| ८ | नेपाली भाषाको अक्षर (वर्ण) दोहोऱ्याउने | – नेपाली भाषाको अक्षर ( व्यञ्जन वर्ण *क* देखि *ज्ञ* सम्म) चिनेर पढ्न र लेख्न | – नेपाली भाषाको अक्षर (व्यञ्जन वर्ण *क* देखि *ज्ञ* सम्म) चिनेर पढ्ने र लेख्ने अभ्यास | – पढाइ<br>– लेखाइ<br>– अभ्यास<br>– जाँच्ने | – *क* देखि *ज्ञ* सम्मका अक्षर पत्ती<br>– पुस्तक<br>– कापी<br>– सिसाकलम | २ | १ | १५ |
| ९ | हाम्रो समुदाय | – आ-आफ्नो समुदायको स्रोत पहिचान र परिचालनका तरिका<br>– स्रोत/सेवा सुविधा लिन | – समुदायबारे छलफल<br>– सेवा सुविधा लिने बारे छलफल | – छलफल<br>– प्रश्नउत्तर | – समुदायको चित्र<br>– समुदायमा भएका वस्तु र सेवाको सूची | २ | १ | १६ |
| १० | शब्द पढ्ने र लेख्ने | – व्यञ्जन वर्णबाट आउने शब्दहरु पढ्न र लेख्न | – शब्दहरुको पढाइ<br>– शब्द लेखाइ अभ्यास<br>– थप शब्द पढाइ<br>– मौखिक रुपमा शब्दहरुलाई वाक्यमा प्रयोग गर्ने<br>– शब्द लेख्ने थप अभ्यास | – पढाइ<br>– लेखाइ<br>– अभ्यास | – व्यवञ्जन वर्ण पत्ती | ४ | २ | १८ |
| ११ | स्वर वर्ण चिनाउने | – नेपाली भाषाको स्वर वर्ण *अ* देखि *अः* सम्म चिन्ने र पढ्ने | – स्वर वर्णको अक्षरबाट आउने शब्द/ चित्रबाट अक्षर चिन्ने र पढ्ने अभ्यास | – पढाइ<br>– लेखाइ | – स्वर वर्ण पत्ती | ६ | ३ | २१ |

| पाठ संख्या | पाठ शीर्षक | पाठले सिकाउन खोजेको कुरा | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण चरण/विधि | प्रयोग गरिने सामाग्री | अनुमानित समय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | घण्टा | दिन | दिनांक |
| | | – स्वर वर्णबाट आउने शब्दहरु<br>– *अ* देखि *अः* सम्म लेखाइ | – अ देखि अः सम्म लेखाइ अभ्यास<br>– जोडीमा पढाइ लेखाइ अभ्यास<br>– पुस्तकमा लेखाइ अभ्यास<br>– स्वर वर्णबाट आउने शब्दहरु पढ्ने र लेख्ने अभ्यास | – अभ्यास | | | | |
| १२ | बाह्रखरी पढ्ने र लेख्ने | – मात्रा लागेका अक्षरहरु चिनेर पढ्न र लेख्न | – मात्रा लागेका अक्षरहरु पढाइ र लेखाइ<br>– मात्रा लागेका अक्षरहरुबाट बनेका शब्दहरुको पढाइ<br>– मात्रा लागेका अक्षरहरुबाट बनेका शब्दहरुको लेखाइ | – पढाइ<br>– लेखाइ<br>– अभ्यास | – मात्रा लागेका अक्षर चार्ट | १२ | ६ | २७ |
| १३ | आधा अक्षर चिनाउने | – आधा अक्षर तथा जोडेका अक्षरहरु चिन्न<br>– जोडेका अक्षर भएका शब्द, वाक्य पढ्न | – हलन्त, आधा अक्षर र जोडेका अक्षर चिनाउने<br>– आधा अक्षर र जोडेका अक्षर भएका शब्द, वाक्य पढाइ | – पढाइ, चिनाइ<br>– लेखाइ<br>– अभ्यास | – आधा अक्षरहरुको चार्ट | ६ | ३ | ३० |
| १४ | लेख्दा प्रयोग हुने चिन्हहरु | – अर्ध विराम, पूर्ण विराम, प्रश्नवाचक, विश्मयादिबोधक चिन्हहरु | – विभिन्न चिन्हहरु प्रयोग भएका वाक्यहरुको पढाइ<br>– चिन्हहरु चिनाउने | – पढाइ, चिनाइ | | २ | १ | ३१ |
| १५ | चन्द्र बिन्दु, | – चन्द्र बिन्दु र शिर विन्दु | – चन्द्रविन्दु र शिर विन्दु | – पढाइ | | २ | १ | ३२ |

| पाठ संख्या | पाठ शीर्षक | पाठले सिकाउन खोजेको कुरा | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण चरण/विधि | प्रयोग गरिने सामाग्री | अनुमानित समय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | घण्टा | दिन | दिनांक |
| | शिर विन्दु | लाग्दा उच्चारणमा हुने फरक र चन्द्रविन्दु र शिर विन्दु लागेका शब्दहरु | लागेका शब्द, वाक्यांशहरुको पढाइ | – लेखाइ | | | | |
| १६ | लेखेर परिचय दिने | – आफ्नो तथा साथीको परिचय दिन | – व्यक्तिगत तथा जोडीमा परिचय अभ्यास | – पढाइ<br>– लेखाइ | | २ | १ | ३३ |
| १७ | १ देखि १० सम्मको अंक | – १ देखि १० सम्मको अंक | – रेखागन्तीबाट १ देखि १० सम्मको अंक चिनारी र पढाइ | – पढाइ<br>– लेखाइ<br>– अभ्यास | – अंक पत्ती<br>– ठोस वस्तु<br>– न्यूजप्रिन्ट/बोर्ड मार्कर | २ | १ | ३४ |
| १८ | परिवार | – सानो परिवारको फाइदा | – चित्र छलफल<br>– वाक्य पढाइ र छलफल<br>– शब्द, वाक्य लेखाइ | – छलफल<br>– पढाइ<br>– लेखाइ | – चित्र (पोष्टर) | २ | १ | ३५ |
| १९ | सरसफाइ | – स्वस्थ रहनको लागि सरसफाइको महत्व | – चित्र छलफल<br>– वाक्य पढाइ<br>– शब्द, वाक्य लेखाइ<br>– प्रश्न माथि छलफल | – छलफल<br>– पढाइ<br>– लेखाइ<br>– अभ्यास | – चित्र, पोष्टर | ४ | २ | ३७ |
| २० | व्यक्तिगत सरसफाइ | – व्यक्तिगत सरसफाइमा ध्यान दिनु पर्ने कुराहरु<br>– अँग्रेजीमा आफ्नो | – बुँदा, अनुच्छेद पढाइ र छलफल<br>– अभ्यास (जोडा मिलाउने) | – पढाइ<br>– अभ्यास | – पोष्टर, चित्रहरु | ४ | २ | ३९ |

| पाठ संख्या | पाठ शीर्षक | पाठले सिकाउन खोजेको कुरा | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण चरण/विधि | प्रयोग गरिने सामाग्री | अनुमानित समय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | घण्टा | दिन | दिनांक |
| | | शरिरको अंगको नाम | – अँग्रेजीमा शरिरको अंगहरु चिनेर भन्ने | | | | | |
| २१ | अंग्रेजी अक्षर पढ्ने र लेख्ने | – अंग्रेजी अक्षर A – Z , a - z चिनेर पढ्न र लेख्न | – अंग्रेजी अक्षर A – Z , a - z को चिनारी र पढाइ<br>– A – Z , a - z को लेखाइ अभ्यास<br>– अभ्यास (घेरा लगाउने/जोडा मिलाउने) | – पढाइ<br>– लेखाइ<br>– अभ्यास | – A – Z अक्षर पत्ती | ४ | २ | ४१ |
| २२ | तरकारी खेती | – तरकारी खेतीको महत्व<br>– तरकारी खेती गर्नाले हुने फाइदा | – चित्र छलफल<br>– वाक्य पढाइ<br>– अनुभव आदान प्रदान<br>– अभ्यास (प्रश्नमाथि छलफल गरी उत्तर लेख्ने)<br>– शब्द, वाक्य लेखाइ<br>– कोठेपदबाट नाम पत्ता लगाउने अभ्यास | – छलफल<br>– पढाइ<br>– प्रश्नोत्तर<br>– अभ्यास | – चित्र | ४ | २ | ४३ |
| २३ | अंग्रेजी अंक 1-10 चिन्ने | – अंग्रेजी अंक 1-10 चिनेर पढ्न र लेख्न | – 1-10 सम्मको अंक चिनारी र पढाइ<br>– 1-10 सम्मको अंक लेखाइ | – पढाइ<br>– लेखाइ | – 1-10 अंक पत्ती | २ | १ | ४४ |
| २४ | सूचना सञ्चार | – संचारका साधन तथा माध्यमहरु<br>– सूचनाको महत्व | – चित्र छलफल<br>– वाक्य, अनुच्छेद पढाइ<br>– अभ्यास | – छलफल<br>– पढाइ<br>– अभ्यास | – संचारका साधनहरु,<br>– मोबाइल<br>– चिठी | ६ | ३ | ४७ |

| पाठ संख्या | पाठ शीर्षक | पाठले सिकाउन खोजेको कुरा | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण चरण/विधि | प्रयोग गरिने सामाग्री | अनुमानित समय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | घण्टा | दिन | दिनांक |
| | | – मोबाइलको प्रयोग<br>– चिठी लेखन | – मोबाइल सम्बन्धी कुराहरु पढाइ, लेखाइ अभ्यास<br>– चिठी पढाइ लेखाइ अभ्यास | | पठाउने खाम<br>– हुलाक टिकट | | | |
| २५ | महिला शिक्षा | – महिला शिक्षाको महत्व<br>– महिला साक्षर हुनुको फाइदा | – प्रश्नमाथि छलफल<br>– चित्र छलफल<br>– अनुच्छेद पढाइ<br>– अभ्यास | – प्रश्नउत्तर<br>– छलफल<br>– पढाइ<br>– अभ्यास | | २ | १ | ४८ |
| २६ | शून्य र ११ देखि २० अंक पढ्ने र लेख्ने | – शून्यको अवधारणा<br>– ११ देखि २० सम्मको अंक चिन्न, पढ्न र लेख्न<br>– जोड चिन्ह<br>– एक र दशको स्थान | – शून्यको अवधारणा तथा ० चिनाउने<br>– एक र दशको स्थान चिनाउने<br>– जोडको अवधारणा र ११ देखि २० सम्मको चिनारी<br>– चिनेको अंक पढाइ र लेखाइ अभ्यास | – पढाइ<br>– लेखाइ<br>– अभ्यास | – ठोस वस्तु<br>– सलाइका काँटी/ सिन्काहरु | ४ | २ | ५० |
| २७ | अँग्रेजी अक्षर पढ्ने र लेख्ने | – अंग्रेजीमा *क* देखि *ज्ञ, अ* देखि *अः* र *क, का* देखि *कः* सम्म पढ्न<br>– अंग्रेजीमा आफ्नो नाम लेख्न र भन्न | – अंग्रेजीमा *क* देखि *ज्ञ, अ* देखि *अः* र *क, का* देखि *कः* सम्म पढ्न<br>– अंग्रेजीमा आफ्नो नाम लेख्ने र भन्ने अभ्यास<br>– व्यक्तिगत तथा जोडीमा परिचय अभ्यास | – पढाइ<br>– लेखाइ<br>– अभ्यास | – Ka, Kha चार्ट | ४ | २ | ५२ |

| पाठ संख्या | पाठ शीर्षक | पाठले सिकाउन खोजेको कुरा | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण चरण/विधि | प्रयोग गरिने सामाग्री | अनुमानित समय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | घण्टा | दिन | दिनांक |
| २८ | १ देखि १०० सम्मको अंक चिन्ने | – १ देखि १०० सम्मको अंक चिनेर पढ्न र लेख्न | – पढाइ अभ्यास<br>– लेखाइ अभ्यास | – पढाइ<br>– लेखाइ<br>– अभ्यास | – अंक चार्ट ( १-१००) | ४ | २ | ५४ |
| २९ | पोसिलो खाना | – पोसिलो खानाको महत्व<br>– पोसिलो खानेकुराको किसिम | – चित्र छलफल<br>– अनुच्छेद पढाइ<br>– अभ्यास (तालिका भर्ने) | – छलफल<br>– पढाइ<br>– अभ्यास | – पोसिलो खानाको चार्ट | ४ | २ | ५६ |
| ३० | जोड हिसाब | – २ अंक सम्मको जोड ( ठाडो र तेर्सो)<br>– जोड सम्बन्धी समस्यामूलक हिसाब | – अंकको जोड हिसाब अभ्यास<br>– समस्यामूलक हिसाब अभ्यास | – हिसाव चिनाउने<br>– अभ्यास | – सिन्का, ढुँगा जस्ता ठोस वस्तुहरु | ४ | २ | ५८ |
| ३१ | महिला स्वास्थ्य | – गर्भवतीको हेरचाह गर्ने तरिका<br>– गर्भवती महिलाले ध्यान दिनु पर्ने कुराहरु<br>– पाठेघर खस्ने समस्या, यसका लक्षण तथा कारण<br>– सुरक्षित सुत्केरी<br>– बालविवाहबाट हुने समस्या, | – गीत गायन, प्रश्नउत्तर र छलफल<br>– अभ्यास (प्रश्नोत्तर)<br>– अनुच्छेद, बुँदा पढाइ र छलफल<br>– अभ्यास<br>– समूहमा चित्र घटना अध्ययन<br>– बुँदा पढाइ र छलफल | – छलफल<br>– अभ्यास<br>– पढाइ | – सान्दर्भिक चित्र, पोष्टर | ६ | ३ | ६१ |

| पाठ संख्या | पाठ शीर्षक | पाठले सिकाउन खोजेको कुरा | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण चरण/विधि | प्रयोग गरिने सामाग्री | अनुमानित समय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | घण्टा | दिन | दिनांक |
| | | – बाल विवाह सम्बन्धी कानूनी कुरा | | | | | | |
| ३२ | घटाऊ | – २ अंक सम्मको घटाउ ( ठाडो र तेर्सो)<br>– घटाउ सम्बन्धी समस्यामूलक हिसाब | – अंकको घटाऊ हिसाब अभ्यास<br>– समस्यामूलक हिसाब अभ्यास | – हिसाब चिनाउने<br>– अभ्यास | – ठोसवस्तु : ढुंगा, सिन्का, चक | ४ | २ | ६३ |
| ३३ | हाम्रा रुपैंया (नोट) | – एक दुई रुपैंयाका सिक्का र ५ देखि हजार रुपैयाँ सम्मको नोटहरु चिन्न | – सिक्काको र नोटहरु चिनारी, त्यसमा भएका अंकहरु पढ्न | – चिनाइ, पढाइ | – सिक्का र रुपैंया | २ | १ | ६४ |
| ३४ | घडी, समय | – घडी हेरी समय भन्न र लेख्न | – घडी हेरी समय भन्ने र लेख्ने अभ्यास | – लेखाइ<br>– अभ्यास | – घडी | २ | १ | ६५ |
| ३५ | क्यालकुलेटर | – क्याल्कुलेटरको प्रयोग गरी साधारण जोड घटाउको हिसाब गर्न | – अनुच्छेद पढाइ<br>– क्याल्कुलेटरको प्रयोग गरी साधारण हिसाब गर्ने अभ्यास | – छलफल<br>– पढाइ<br>– अभ्यास | – क्याल्कुलेटर | २ | १ | ६६ |
| ३६ | तिथि मिति | – १२ महिनाको नाम पढ्न र लेख्न<br>– ७ बारको नाम पढ्न र लेख्न<br>– आफ्नो जन्म मिति लेख्न | – १२ महिनाको पढाइ, लेखाइ<br>– ७ बारको पढाइ लेखाइ<br>– जन्म मिति लेख्ने अभ्यास | – पढाइ<br>– लेखाइ<br>– अभ्यास | – पात्रो | ६ | ३ | ६९ |
| ३७ | बैंक, वचत र ऋृण | – अनुच्छेद पढाइ<br>– समूहमा वचत गर्ने | – चित्र छलफल<br>– अनुच्छेद पढाइ | – छलफल<br>– पढाइ | – बैंक भौचर<br>– चेक | ६ | ३ | ७२ |

| पाठ संख्या | पाठ शीर्षक | पाठले सिकाउन खोजेको कुरा | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण चरण/विधि | प्रयोग गरिने सामाग्री | अनुमानित समय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | घण्टा | दिन | दिनांक |
| | | बानीको विकास<br>– बैंकमा पैसा जम्मा गर्दा सुरक्षित हुने<br>– भौचर भर्ने<br>– चेक लेख्ने | – भौचर भर्ने तरिकाको अभ्यास<br>– चेक लेख्ने तरिकाको अभ्यास | – अभ्यास | | | | |
| ३८ | योजना | – आयमूलक व्यवसायको साधारण योजना बनाउन<br>– मूल्य सूची हेरेर बुझ्न<br>– मूल्य सूची तयार गर्न<br>– व्यक्तिगत विवरण भर्न | – समूहमा अनुच्छेद पढाइ तथा छलफल<br>– नमूनाको आधारमा समूहमा योजना बनाउने अभ्यास<br>– मूल्य सूचीको नमूना अध्ययन, छलफल<br>– मूल्य सूची बनाउने अभ्यास<br>– | – पढाइ<br>– छलफल<br>– अभ्यास | – मूल्य सूची | ४ | २ | ७४ |
| ३९ | अंग्रेजी शब्दहरु पढ्ने | - चलन चल्तीका अंग्रेजी शब्दहरु थाहा पाउन | – चित्रको आधारमा अंग्रेजी शब्दहरु पढ्न लगाउने<br>– व्यक्तिगत विवरण भर्ने अभ्यास | – पढाइ | - चित्र, पोष्टर | २ | १ | ७५ |
| | | | | | **जम्मा समय** | **१५०** | **७५** | |

## स्वयंसेवक तालिम कार्यक्रम

साक्षरता कक्षामा पढाउने स्वयंसेवकहरुको लागि ४ दिनको तालिम आवश्यकता देखिन्छ। तालिम कार्यक्रमको विषयवस्तु र तालिम संचालन तालिका तल प्रस्तुत गरिएको छ।

### तालिम विषयवस्तु

१. साक्षर नेपाल अभियान

२. साक्षरता/अनौपचारिक शिक्षा आवश्यकता/महत्व

३. प्रौढ सिकाई सिद्धान्त

४. शिक्षणका चरणहरु

५. शिक्षण विधिहरु

६. मेरो साक्षरता पुस्तक विश्लेषण

७. शैक्षिक सामग्रीहरु र अन्य आवश्यक सामग्रीहरु

८. पाठको स्थानीयकरण

९. दैनिक योजना

१०. सुक्ष्म शिक्षण

११. स्वयंसेवकको भूमिका

१२. सिकाइ उपलब्धि मूल्याङ्कन

# मेरो साक्षरता पुस्तक
## तालिम संचालन तालिका

| दिन | १०:०० - ११:३० | ११:३० - १:०० | १:०० - २:०० | २:०० - ३:३० | ३:३० - ५:०० |
|---|---|---|---|---|---|
| **पहिलो** | - नाम दर्ता<br>- उद्घाटन<br>- परिचय | - तालिमबाट आशा गरेका कुराहरु<br>- कार्यक्रमको उद्देश्य<br>- नीति नियम | खाजा | - साक्षर नेपाल अभियान परिचय<br>- अभियानका सिकाइ उपलब्धिहरु | - साक्षरता/अनौपचारिक शिक्षाको आवश्यकता र महत्व |
| **दोस्रो** | - पुनरावलोकन<br>- प्रौढ सिकाई सिद्धान्त<br>- शिक्षणका चरणहरु | - शिक्षण विधिहरु<br>- विभिन्न विधि प्रयोग गर्ने तरिकाहरु | | - पाठको तयारी र सुक्ष्म शिक्षण | - सुक्ष्म शिक्षण निरन्तर..... |
| **तेस्रो** | - पुनरावलोकन<br>- मेरो साक्षरता पुस्तक विश्लेषण | - विश्लेषण निरन्तर... र पाठका कठिनाइ | | - पाठको विस्तृतीकरण र पाठ पढाउने विधी र सामग्रीहरु | - पाठको स्थानीयकरण<br>- आवश्यक सामग्रीहरु संकलन, निर्माण र प्रयोग |
| **चौथो** | - पुनरावलोकन<br>- दैनिक योजना<br>- सुक्ष्म शिक्षण<br>- पढाई, लेखाइ र गणित सिकाउने तरिका | - समस्यामूलक/ कार्यमूलक विषय पढाउने तरिका<br>- अतिरिक्त प्रतिभा प्रस्तुती, खेल खेलाउने आदि सिकाउने तरिका | | - शुक्ष्म शिक्षण | - सुक्ष्म शिक्षण निरन्तर... |
| **पाँचौ** | - पुनरावलोकन<br>- सिकाइ उपलब्धि मूल्याङ्कन | - स्थानीय सामग्री प्रयोग | | - स्वयंसेवकको भूमिका<br>- कक्षा व्यवस्थापनका तरिका | - कार्यक्रमको मूल्याङ्कन<br>- समापन |

स्वयंसेवकले साक्षरता कक्षा/कार्यक्रमको अन्तमा सहभागीहरुको व्यक्तिगत मूल्याङ्कन गर्नु पर्दछ। यसको लागि अनौपचारिक शिक्षा केन्द्रबाट तयार गरिएको निम्न प्रकारको फाराम कार्यक्रमको अन्तिममा भरी निरीक्षकलाई बुझाउनु पर्नेछ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
अनौचापरिक शिक्षा केन्द्र

**कार्यक्रमको सहभागी व्यक्तिगत मूल्याङ्कन विवरण**

जिल्ला शिक्षा कार्यालय .................................. आ.व. २०७............./०७०
कक्षा सञ्चालन स्थान : आन्तरिक मूल्याकङ्न : उत्तीर्णङ्क : ५०%
गाउँ विकास समिति/नगरपालिकाको नाम :
कक्षा सञ्चालन मिति :
सहभागीको नाम, थर :

| विवरण | सि.नं. | मूल्याङ्कन गर्नु पर्ने सिकाइका पक्षहरु | अङ्क मापन | | | | जम्मा प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | | |
| पढाइ लेखाइ क) भाषा | १. | राष्ट्र भाषा वा मातृ भाषाका वर्ण/अक्षर पढ्न र लेख्न सक्ने | | | | | | |
| | २) | नेपाली भाषा वा मातृभाषामा लेखिएका मूल्य सूची र बिल पढ्न सक्ने | | | | | | |
| | ३) | आफ्नो परिवारका सदस्यको नाम, उमेर लेख्न र पढ्न सक्ने | | | | | | |
| ख) गणित | १) | ० देखि ९ सम्मका अङ्क अक्षर लेख्न सक्ने | | | | | | |
| | २) | १ देखि १०० सम्म गणना गर्न सक्ने | | | | | | |
| | ३) | लेनदेनका हर हिसाब राख्न सक्ने | | | | | | |
| ग) कार्यमूलक | १) | मोबाइल र क्याल्कुलेटरका अङ्क र अक्षर चिनेर प्रयोग गर्न सक्ने | | | | | | |
| | २) | सरल चित्र, पोस्टर, साइनबोर्ड र ट्राफिक सङ्केत पढ्न र बुझ्न सक्ने | | | | | | |
| | ३) | सामुदायिक कार्यक्रममा आफ्नो विचार सहित सक्रिय सहभागिता देखाउन सक्ने | | | | | | |
| | ४) | घडी हेरेर समय बताउन सक्ने | | | | | | |
| | ५) | भिते पात्रो हेरी तिथी मिति बताउन सक्ने | | | | | | |
| | ६) | बैङ्क भौचर भर्न र चेक खिच्न सक्ने | | | | | | |
| ४) नियमितता | १) | नियमितता र सक्रिय सहभागिता | | | | | | |
| | जम्मा | | | | | | | |

**द्रष्टव्य :**

१. साक्षरता स्वयम्सेवकले आन्तरिक मूल्याङ्न गरी सहभागीको स्तर मापन गर्दा सिकाइ उपलब्धिलाई सिकाइको स्तर हेरी १, २ र ३ मध्ये कुनै एक अङ्क प्रदान गर्नु पर्ने छ। जहाँ १ = न्यून वा कमजोर, २ = औसत वा ठीकै, र ३ = राम्रो, ४ = अतिराम्रो ६०% देखि ७९% सम्म नियमित हाजिरी भएमा अङ्क १ र ८०% भन्दा माथि हाजिरी भएमा अङ्क २ प्रदान गर्ने।

२) उत्तीर्णाङ्क २५ मध्ये क, को पढाइ लेखाइ तर्फ हेर्ने भाषा र गणितबाट न्यूनतम ५०% प्राप्ताङ्क ल्याएको हुनुपर्ने छ।

३) यो फाराम साक्षरता स्वयम्सेवकले प्रत्येक सहभागीको छुट्टाछुट्टै रुपमा एक/एक प्रति तयार गरी राख्नु पर्नेछ।

मूल्याकंनकर्ताको नाम :

# साक्षर नेपाल अभियान गीत

सुन सुन दिदी बैनी सुन दाजु भाइ ।
कापी कलम बोकी जाऔँ साक्षर हुनलाई ॥
साक्षर नेपाल अभियान घरघरमा आयो ।
पढीलेखी शिक्षित बन्ने सन्देश बोकी ल्यायो ॥
कखगघ ककाकिकी अआइई सिक्न ।
निरक्षर भई अब गाह्रो छ है टिक्न ॥
चिठी लेख्न, खबर पढ्न हुनु पर्छ साक्षर ।
हरहिसाब गर्न पनि सिकौँ अङ्क अक्षर ॥
सिधा बाङ्गा धर्का जोडी अक्षर लेख्नुपर्छ ।
अक्षर अक्षर मिलाएर शब्द लेख्नुपर्छ ॥
शब्द शब्द मिलिकन वाक्य बन्छन् हेर ।
शब्द वाक्य मिलिजुली अर्थ बोक्छन् धेर ॥
निरक्षर कतिजना कहाँ बस्छन् भनी ।
घरघर डुली तिनको जनसङ्ख्या गनी ॥
पढ्ने, लेख्ने सिक्ने काममा सहयोग गर्न ।
स्वयम्सेवक खटिने छन् सबलाई साक्षर पार्न ॥
सुनसुन दिदी बहिनी, सुन दाजु भाइ ।
आफू साक्षर बनौं, साक्षर बनाऔं सबैलाई ॥
ज्ञानगुनका कुरा धेरै किताबमा हुन्छन् ।
कथा, सिलोक, कविताले मन मुटु छुन्छन् ॥
नयाँ नेपाल बनाउँने अभियान थालौँ ।
निरक्षरता, अज्ञान र अन्धकार फालौँ ॥
घरघर गाउँगाउँ सहरबाट उठौँ ।
निरक्षरता निर्मूल गर्न सबैजना जुटौँ ॥